# हेटौडा उपमहानगरपालिका

# वडा नं. १

# बालबालिकाको वस्तुगत विवरण- २०७९

## CHILDREN PROFILE-2079

बालबालिकाको वस्तुगत विवरण- २०७९

प्रकाशक

हेटौडा उपमहानगरपालिका
वडा नं. १ को कार्यालय

# विषय सूची


खण्ड १ परिचय ........ 3

**१.१ वडाको परिचय** ........ 3

**१.१.१ वडाको अवस्थिती** ........ 3

**१.१.२ वडाको सिमाना र क्षेत्रफल** ........ 3

**१.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता** ........ 3

**१.३ प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था** ........ 3

खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा ........ 5

**२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता** ........ 5

**२.२ बालबालिका सम्बन्धी विद्यमान कानुनी व्यवस्था** ........ 5

२.२.१ नेपालको संविधान ........ 5

२.२.२ स्थानीय सरकार संचालन ऐन, २०७४ ........ 6

२.२.३ बालबालिका सम्बन्धी ऐन, २०७५ ........ 6

२.२.४ बालअधिकार सम्बन्धी महासन्धी १९८९ ........ 7

२.२.५ दिगो विकास लक्ष्यः ........ 7

२.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०६८ ........ 8

२.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ........ 8

२.२.८ बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ........ 8

२.२.९ पन्ध्रौ योजना (२०७६।२०७७-२०८०।२०८१) ........ 9

**२.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि** ........ 9

२.३.१ बालमैत्री ........ 9

२.३.२ बालमैत्री स्थानीय शासन ........ 10

**२.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र** ........ 10

२.४.१ बाल बचाउ ........ 10

२.४.२ बाल संरक्षण ........ 10

२.४.३ बाल विकास ........ 10

२.४.४ बाल सहभागिता ........ 10

**२.५ बाल समूह सम्बन्धी विवरण** ........ 11

**२.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता** ........ 11

**२.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण** ........ 11

**२.८ बाल भेला र बाल सहभागिता** ........ 12

खण्ड ३ वडाको जनसंख्या ........ 13

**३.१ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या** ........ 13

३.१.१ लिङ्गको आधारमा जनसंख्या ........ 13

३.१.२ उमेर समूहका आधारमा जनसंख्या ........ 13

३.२ जातिगत आधारमा जनसंख्याः ........ 14

**३.३ धर्मका आधारमा जनसंख्या विवरण** ........ 14

**३.४ भाषाका आधारमा जनसंख्या** ........ 15

**३.५ जन्मदर्ता सम्बन्धि विवरण** ........ 16

**३.६ बाल विवाहको अवस्था** ........ 16

३.६.१ विवाह सम्बन्धी विवरण ........ 16

३.६.२ बाल विवाह सम्बन्धी विवरण ........ 16

३.६.३ उमेरगत विवाह सम्बन्धी विवरण ........ 16

**३.७ प्रति परिवार औषत बालबालिका संख्या** ........ 17

**३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण** ........ 17
खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य ........ 19
**४.१ सुरक्षित मातृत्व कार्यक्रम** ........ 19
**४.२ खोप लगाउने बालबालिका सम्बन्धि विवरण** ........ 19
**४.३ कुपोषणबट प्रभावित बालबालिका सम्बन्धी विवरण** ........ 19
**४.४ स्तनपान सम्बनधी विवरण** ........ 20
**४.५ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु र तीनको उपचार व्यवस्था** ........ 20
**४.५.१ परिवारमा देखा परेका दिर्घ रोग सम्बन्धी विवरणः** ........ 20
४.५.२ बालबालिकामा देखा पर्ने गरेका दिर्घ रोगका प्रकारहरु सम्बन्धी विवरण ........ 20
**४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण** ........ 21
४.६.१ प्रसुति पूर्व गर्भवति महिलाको गर्भ जाँच सम्वब्धी विवरण ........ 21
४.६.२ प्रसुति पश्चात सुत्केरी आमा र नवजात शिशुको जाँच सम्बन्धी विवरण ........ 21
**४.७ टिडी खोप सम्बनधी विवरण** ........ 22
**४.८ आईरन चक्की सम्बनधी विवरण** ........ 22
**४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण** ........ 23
**४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण** ........ 23
**४.१०.१ बालबालिकाको उमेर अनुसार तौल लिने सम्बन्धि विवरण** ........ 23
**४.१०.२ बालबालिकाको तौल सम्बन्धि विवरण** ........ 24
**४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण** ........ 24
**४.१२ HIV Positive आमा/बुवा बाट जन्मेका बालबालिका सम्बन्धी विवरण** ........ 24
**४.१३ बिरामी हुदा उपचारका लागि छनौट हुने उपचार केन्द्र** ........ 25
**४.१३.१ घरदेखि उपचार केन्द्र सम्मको दुरी सम्बन्धी विवरण** ........ 25
**४.१४ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण** ........ 25
**४.१५ सार्वजनिक तथा नीजि चर्पी सरसफाई सम्बन्धी विवरण** ........ 26
**४.१५.१ परिवार/घरधुरीमा शौचालयको अवस्था** ........ 26
**४.१६ परिवारमा हातधुने व्यवस्था** ........ 26
**४.१६.१ हातधुने बानि र व्यवहसरिक प्रयोग सम्बन्धी अवस्था** ........ 27
**४.१६.२ साबुनपनीको प्रयोग सम्बन्धी अवस्था** ........ 27
**४.१७ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण** ........ 27
**४.१७.१ खानेपानीको मुख्य श्रोत सम्बन्धी विवरण** ........ 28
**४.१७.२ घर देखि खानेपानीको स्रोत सम्मको समय दुरी सम्बन्धी विवरण** ........ 28
**४.१७.३ खानेपानीको शुद्धीकरण बिधि सम्बन्धी विवरण** ........ 29
**४.१८ खानेपानीको कारणले बिगत १ वर्षमा लागेका रोग तथा संक्रमणको अवस्था** ........ 29
खण्ड ५ वडाको शैक्षिक अवस्था ........ 30
**५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण** ........ 30
**५.२ शैक्षिक संस्थाहरुको विवरण** ........ 30
**५.३ छात्रछात्राको विवरण** ........ 30
**५.४ विद्यालयमा खानेपानीको सुविधा** ........ 31
**५.५ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था** ........ 31
५.६ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण ........ 31
५.७ विद्यालय जान लाग्ने समय ........ 32

**५.८ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण** ........ 32
**५.८.१ विद्यालय जान छोड्ने कारणहरु सम्बन्धि विवरण** ........ 32
**५.९ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण** ........ 33
**५.९.१ बाल विकास केन्द्रमा रहेका बालबालिकाको विवरण** ........ 33
**५.१० विद्यालयमा बालबालिकाले पाउने सजाय सम्बन्धी विवरण** ........ 34
खण्ड ६ वडामा बाल संरक्षण ........ 35
**६.१ द्वन्द पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण** ........ 35
**६.२ विस्तापित बालबालिका सम्बन्धी विवरण** ........ 35
**६.३ बालश्रमिक सम्बन्धी विवरण** ........ 35
**६.४ परिवारमा बालबालिकामाथि यौन शोषणको घटना** ........ 35
**६.५ सडक बालबालिकाको विवरण** ........ 35
**६.६ कुलतमा लागेका बालबालिकाको विवरण** ........ 36
**६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण** ........ 36
**६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण** ........ 36
**६.९ जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालकाको विवरण** ........ 36
**६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण** ........ 36
खण्ड ७ वडाको आर्थिक विकास ........ 37
**७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण** ........ 37
**७.२ युवा रोजगारी सम्बन्धी विवरण** ........ 37
**७.३ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण** ........ 37
**७.३.१ लिङ्गका आधारमा बैदेशीक रोजगारीमा संलग्न सम्बन्धी विवरण** ........ 38
**७.४ परिवारको निर्णमा भूमिका (महिला पुरुष)** ........ 38
खण्ड ८ वडाको प्रकोप तथा शान्ति सुरक्षा ........ 39
**८.१ प्रकोपको विवरण** ........ 39
**८.२ बाल अपराधको विवरण** ........ 39
**८.३ परिवारमा सामजिक कुरितिका घटना** ........ 39
**८.४ परिवारमा छोरा र छोरिमा भेदभाव** ........ 40

# खण्ड १ परिचय

## १.१ वडाको परिचय

### १.१.१ वडाको अवस्थिती

साबिक हेटौंडा उपमहानगरपालिकाको वडा नं.१ र साबिक बसामाडि गा.बि.स को वडा नं. ८ र ९ मिलेर बनेको छ । यसको अधिकांस भागहरु ग्रामिण स्तरका छन जहाँ कृषिको राम्रो सम्भावना रहेको छ यसका अलावा चौकिटोल र राप्ति रोड जस्ता वस्तिहरु शहरी प्रकृतिका छन । यस वडामा हेटौडाकै ठुलो तरकारीको थोक बिक्रिकेन्द्र रहेको छ साथै यसै वडामा मनमोहन भ्यु टावर, पाथीभरा मन्दिर जस्ता मनमोहक पर्यटकिय स्थलहरु छन ।

### १.१.२ वडाको सिमाना र क्षेत्रफल

पूर्वमाः त्रिभुवन राजपथ

पश्चिमः  हेटौडा उपमहानगरपालिका वडा नं. १९

उत्तरमाः भिमफेदी गाउँपालिका

दक्षिणमाः महेन्द्र राजमार्ग

यस वडाको क्षेत्रफल १४.८६ वर्ग किलोमिटर रहेको छ ।

## १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

नेपालको मध्य भागमा रहेको हेटौंडालाई वि.स. २०२६ सालमा नगर पञ्चायत घोषणा संगै यस वडाको निर्माण भएको हो । पछि २०७१ साल मंसिर १६ गतेको नेपाल सरकारको निर्णयबाट हेटौंडा उपमहानगरपालिका स्थापना भए पश्चात साविकको बसामाडि गा.वि.सको वडा नं. ८ र ९ मिलेर हालको  हेटौडा उपमहानगरपालिका वडा नं. १ को निर्माण भएको हो । अधिकांश भागहरु ग्रमिण भेगका रहेकाले हरियाली र रमणीय क्षेत्रहरु छन ।भैरवडाँडाँ, लालझाडि, धाकलडाँडाँ, माथिल्लो मैनटार, वलटोल, लामिडाँडाँ, ट्रान्समिटरडाँडाँ, शिखरकोट, घ्याङ्गसिङ्गटार, घट्टेखोला, फेदिगाउँ लगाएतका स्थानहरु कृषि क्षेत्रको लागि उपयुक्त स्थानहरु हून र आवासीय क्षेत्रको रुपमापनि प्रयोग भईरहेका छन । हेटौडा उपमहानगरपलिका वडा नं. १ को राप्ति खोला पूर्व चौकिटोल, जरुवाटोल, चाइनाक्वाटर लगायतका क्षेत्रमा शहरी बस्ति रहेको छ । भने बुद्‍घचोक देखि त्रिभुवनराजपथ हुदै चौकिटोल, पिपलवोट,स्वर्गद्‍वारि हुदै बुद्‍धचोक देखि राप्ति पुल सम्मको जग्गा, चाइनाक्वटर क्षेत्र व्यवसयीक क्षेत्रको रुपमा रहेको छ ।

## १.३ प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

| परिवारको मुख्य पेशा | | | |
|---|---|---|---|
| **क्र.सं.** | **पेशा सम्बन्धी विवरण** | **प्रतिसत** | **संख्या** |
| १ | कृषि-पशुपालन-फलफुलखेति | ७ | ९१ |
| २ | ब्यापार-व्यवसाय | २८ | ३४८ |
| ३ | सेवा-नोकरी | २१ | २६३ |
| ४ | ज्याला मजदुरी | ३५ | ४३६ |
| ५ | विप्रेषण(विदेशबाट पठाएको रकम) | ६ | ७४ |
| ६ | अन्य | १ | १७ |
| | **जम्मा :** | **१००** | **१२२९** |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडाको मानिसहरुको मूख्य पेशा ज्याला मजदुरी रहेको छ । कुल १२२९ घरपरिवार रहेको  हेटौडा उपमहानगरपालिका वडा नं. १ मा ४३६ अर्थात ३५% घरपरिवारका सदस्यहरु ज्याला मजदुरी पेशामा संलग्न रहेका छन । यसैगरी ३४८ अर्थात २८% परिवारका सदस्यहरु ब्यापार- व्यवसायमा संलग्न छन । २१% अर्थात २६३

परिवारका सदस्यहरु निकरी पेशामा छन । कृषि-पशुपालन-फलफुलखेतिमा ९१ परिवार अर्थात ७% रहेका छन भने १७ अर्थात ६% परिवाले बैदेसिक रोजगारीलाई पेशा बनाएका छन ।

# खण्ड २ बालमैत्री स्थानीय शासनको वडागत अवधारणा

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

मानव जिवनको प्रारम्भिक रुप नै बालबालिका हो जसलाई वर्तमानका साझेदार र भविश्यका कर्णधारको रुपमा समेत हेरीन्छ । बालबालिका सम्बन्धी ऐन २०७५ र मूलुकी देवानी (संहिता) ऐन २०७४ जन्मेदेखि १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिका भनिन्छ । यसैगरी बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९, जन्मेदेखि १८ वर्ष उमेर नपुगेका सम्पूर्ण मानव जातिलाई बालबालिका भनिन्छ, तर हरेक राज्यले योभन्दा बढी नहुने गरी बालबालिकाको उमेर तोक्न सक्नेछन् ।

नेपालको शासकीय पद्धति र सेवा प्रवाहका सम्बन्धमा बालबालिकाका सवालहरू सम्बोधन गर्न आवश्यक ठानी विगत लामो समयदेखि नेपालमा बालबालिकाको अधिकारलाई प्रत्याभूत गराउन तथा बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए । यस्ता कार्यक्रमलाई निरन्तरता दिदै हालको परिवर्तित सन्दर्भ र नेपालको संविधान २०७३, स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप राष्ट्रका सबै स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम तथा गतिविधिहरू बीच एकरुपता कायम गरी बालबालिकाको सर्वाङ्गीण विकास गर्न अत्यावश्यक छ । तसर्थ स्थानीय सरकारको शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासनको आवश्यकता रहेको छ ।

## २.२ बालबालिका सम्बन्धी विद्यमान कानुनी व्यवस्था

### २.२.१ नेपालको संविधान

नेपालको संविधानको मौलिक हक अन्तर्गत समानताको हक, बालबालिकाको हक र सामाजिक सुरक्षाको हकमा बालबालिका सम्बन्धी देहाय बमोजिमको प्रावधान रहेको छ ।

१) समानताको हक (धारा १८)

राज्यले नागरिकहरुका बिच कुनै भेदभाव नगर्ने तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका बालबालिका लगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने प्रावधान समानताको हकमा रहेको छ ।

२) बालबालिकाको हक (धारा ३९) मा देहाय बमोजिमका प्रावधान रहेका छन्

(क) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(ख) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य,पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्वविकासको हक हुनेछ ।

(ग) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक हुनेछ ।

(घ) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्यजोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(ङ) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार रअपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(च) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्नावा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यमवा प्रकारले दुव्र्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनैप्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(छ) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थानर अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

(ज) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(झ) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(ञ) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिमदण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) सामाजिक सुरक्षाको हक (धारा ४३)

बालबालिकालाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ ।

(४) राज्यका नीतिहरु (धारा ५१)

श्रम र रोजगार सम्बन्धी नीति (झ)(३) मा बादश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति रहेको छ । सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति (ञ) ४ मा बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने नीति रहेको छ । साथै (ञ) ५ मा बालबालिकाको सवोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीति रहेको छ ।

### २.२.२ स्थानीय सरकार संचालन ऐन, २०७४

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन् । यस ऐनले बालअधिकार प्रवद्र्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ÷ नगरपालिकाको रहेको छ । शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँ÷नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ । यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को ग ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ,नगरपालिकाको वडालाई दिएको छ । बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि।, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तरव्द्यिालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन् । यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने , सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्र, बालमैत्री शासन जस्ता प्रवद्र्धनात्मक कार्यहरु गर्न, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकुल हुनेगरी गर्नुपर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तरसम्बबिन्धत विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ ।

### २.२.३ बालबालिका सम्बन्धी ऐन, २०७५

प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसमर बालकको नाम राखिदिनु पर्ने र बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था बालबालिका सम्बन्धी ऐन २०७५ ले गरेको छ । यसैगरी यस ऐनमा बाबु, आमाले आफ्नो परिवारको आर्थिक

अवस्था अनुसार प्रत्येक बालकको पालन पोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जनका सुविधाहरुको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ । उक्त ऐनले बालबालिकाको बाँच्न पाउने अधिकार, नाम, राष्ट्रियता र पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबु आमासंग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, पोषण तथा स्वास्थ्यको आधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार र शिक्षाको अधिकारलाई बालबालिकाको अधिकारको रुपमा सुनिश्चित गरेको छ । त्यसैगरी बालबालिकासंग सम्बन्धित विषय हेर्न बाल अदालतको गठन गर्ने व्यवस्था रहेको छ । बालअधिकारलाई सुनिश्चित गर्न सहयोग पु¥याउन केन्द्रिय बाल न्याय समिति र जिल्ला बाल न्याय समितिको व्यवस्था समेत रहेको छ । प्रदेश तथा स्थानीय तहमा बाल अधिकारको विषयलाई संस्थागत गर्न राष्ट्रिय बाल अधिकार परिषद, प्रदेश तथा स्थानीय तहको बाल अधिकार समितिको व्यवस्था समेत रहेको छ ।

### २.२.४ बालअधिकार सम्बन्धी महासन्धी १९८९

बालअधिकारलाई परिभाषित गर्ने विभिन्न महासन्धीहरु बनेका छन् र विश्वभर कार्यान्वयनमा रहेका छन् । यीमध्ये सन् १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाबाट सर्वसम्मत रुपमा पारित भएको बालअधिकार सम्बन्धी महासन्धी बालअधिकारका सन्दर्भमा अत्यन्तै महत्वपूर्ण एक दस्तावेज हो। यस महासन्धिले बालबालिकाका जीवनरक्षा, विकास, सुरक्षा वा संरक्षण तथा सम्मानपूर्वक सक्रिय जीवनका लागि आवश्यक सबै आधारभूत अधिकारको विश्वव्यापी रुपमा नै स्पष्ट आधार तयार गरेको छ । नेपालले सन् १९९० को सेप्टेम्बर १४ तारिखमा यस महासन्धिलाई अनुमोदन गरी नेपाली बालबालिकाको हक अधिकारको परिपूर्तिका लागि यो महासन्धि कार्यान्वयन गरिरहेको छ।अहिलेसम्म विश्वका १९३ राष्ट्रले बालअधिकारसम्बन्धी महासन्धी १९८९ लाई अनुमोदन गरेकाले महासन्धीमा व्यवस्था भएका बालअधिकारका प्रावधानहरुले विश्वस्तरमा नै स्वीकृति पाएको देखिन्छ।

### २.२.५ दिगो विकास लक्ष्यः

संयुक्त राष्ट्रसंघको पहलमा सन २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकासका लक्ष्यहरु हुन् । जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन् । दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिला संग सम्बन्धित रहेका छन् । जसमध्ये लक्ष्य ४ सबैका लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५ लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने, लक्ष्य ६ सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने, लक्ष्य ९ बलियो पूर्वाधार निर्माण गर्ने र दिगो औद्योगिकीकरणको प्रवद्र्धन गर्ने, लक्ष्य ११ नगरहरु र मानववस्तीहरुलाई समावेशी, सुरक्षित र दिगो बनाउने, लक्ष्य १६ समावेशी समाजको प्रवद्र्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने, र लक्ष्य १७ कार्यान्वयन प्रक्रिया मजबुत बनाउने र साझेदारीलाई पुनर्जीवन दिने लक्ष्यहरु बालबालिकाको सर्वाङ्गिण विकासको लागि आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउने, पूर्वाधार विकास गर्ने, निर्मित पूर्वाधार दिगो बनाउने र सरकारी, गैरसरकारी तथा निजी क्षेत्र र विकास साझेदारको संलग्नतामा लक्ष्य पूरा गर्ने विषय रहेका छन् ।

सन २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ । राज्यको पुर्नसंरचना पश्चात आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको आपूर्ति र सरसफाई, कृषि, आधारभूत पूर्वाधारहरु, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनका विषयहरु स्थानीय तहको क्षेत्राधिकारका विषय बनोका छन् । जुन विषयहरु दिगो विकास लक्ष्यसंग प्रत्यक्ष सम्बन्धित रहेका छन् ।

### क) बालअधिकारका आधारभूत सिद्दान्तहरु (General Principles of the CRC)

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि १९८९ का सन्दर्भमा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले निम्न चार प्रावधानलाई सिद्धान्तका रुपमा स्वीकार गरेको छ । यिनीहरु महासन्धीमा व्यवस्था भएका अधिकारका प्रावधान समेत हुन् । यी सिद्धान्तहरु महासन्धीमा व्यवस्था भएका सबै अधिकार कार्यान्वयनका सन्दर्भमा समेत समान रुपमा लागू हुन्छन्।

### १. भेदभाव रहित (Non Discrimination)

सबै बालबालिकालाई बिना भेदभाव, बिना पक्षपात सम्पूर्ण अधिकारहरु उपलब्ध गराउनु पर्दछ । कुनै पनि बालबालिकालाई निजको वा उनीहरूका बाबुआमा, अभिभावकको जाति, रंग, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारहरु, राष्ट्रिय जातीय वा सामाजिक उत्पति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी समान रुपमा सम्मान गर्नुपर्दछ ।(धारा २)

### २. बालबालिकाको सर्वोत्तम हित

बालबालिकाका निम्ति गरिने प्रत्येक कार्यहरुमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनु पर्दछ । सार्वजनिक तथा कल्याणकारी संस्थाहरु, अदालत, प्रशासनिक निकाय, विधायिका लगायत सबैले बालबालिकासँग सम्बन्धीत कार्य गर्दा बालबालिकाको सर्बोत्तम हितलाई प्राथमिकता दिनुपर्दछ ।(धारा ३)

### ३. दीर्घ जीवन र विकास

बाँच्न पाउनु बालबालिकाको जन्म सिद्ध अधिकार हो ।बालबालिकाको दीर्घ जीवन र विकासका निम्ति राज्यले यथासम्भव बढी भन्दा बढी प्रयास गर्नु पर्दछ।(धारा ६)

### ४. बालबालिकाको विचार र भावनाको कदर

बालबालिकाहरुसँग सम्बन्धीत विषयमा उनीहरुले आफ्नो विचार व्यक्त गर्न पाउनु पर्छ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरुको उमेर र परिपक्वता अनुसार उचित मान्यता पनि दिइनुपर्दछ। बालबालिकालाई पनि समाजको एक अभिन्न अंग मानी सहभागी गराइनु पर्दछ।(धारा १२)

## २.२.६ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ तत्कालीन समयका स्थानीय निकायहरूलाई बालमैत्री स्थानीय शासनको अवधारणा लागु गर्न दिशानिर्देश गर्ने मुख्य उदेश्यले ल्याइएको थियो । यस कार्यविधिले बालमैत्री स्थानीय शासनको प्रवर्द्धनको लागि संस्थागत संरचनाको व्यवस्था, कार्यजिम्मेवारी , अनुगमन मुल्याङ्कन सम्बन्धी व्यवस्था, कोषको व्यवस्थाका साथै बालमैत्री गाउँ विकास समिति तथा बालमैत्री नगरपालिका घोषणाका लागि पुरा गर्नुपर्ने ३९ वटा सूचकहरूको व्यवस्था गरेको थियो ।

## २.२.७ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ नेपाल सरकार माननीय मन्त्रिस्तरीय निर्णय बाट २०७८ असार २७ गते स्वीकृत भई कार्यान्वयनमा आएको र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ कार्यान्वयनमा रहेको छ। हाल यसै निर्देशिका अनुसरा बालमैत्री स्थानीय शासन घोषणाका कृयाकालापहरु संचलनमा आईरहेका छन ।

## २.२.८ बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो। मानव अधिकारको दृष्टिकोणवाट आफूले रोजेको व्यक्तिसंग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सवैमुलुकहरुले विवाहको लागि न्यूनतम उमेर तोकेका हुन्छन्। नेपालको देवानी संहितामा विवाहको लागि कानुनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हननको बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेकोछ ।बाल विवाह उच्च रहेका मुलुकहरुमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ।

दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यसो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुनुपर्ने सामाजिक एवं सांस्कृतिक मान्यता,लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन्। बाल विवाहले बालबालिकालाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि

बञ्चित हुन्छन्। बिशेष गरी बालिका र महिलाको सन्दर्भमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सिर्जना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ । बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा, यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले बालिका र महिलाहरु थप प्रभावित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भूमिका र सहभागितालाई न्यून बनाई सभ्य, सुंसस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक बन्न पुग्दछ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले वाल विवाहलाई बालवालिकाको हक अधिकार प्रचलनका लागि वाधकको रुपमा पहिचान गरेको छ । राष्ट्रिय रणनीति ८.९ मा बाल विवाह रोक्न सरकार र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदायस्तरका संघसंस्थाहरुलाई परिचालन गर्ने, बाल विवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बाल विवाह रोक्ने कार्यका लागि स्थानीय तहलाई थप जिम्मेवारी दिइने कुरा उल्लेख गरिएको छ । यसैगरी राष्ट्रिय रणनीति ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बाल विवाह विरुद्ध सचेतना तथा जागरण कार्यक्रम सञ्चालन र गाँउस्तरमा बाल संरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

### २.२.९ पन्धौ योजना (२०७६|२०७७-२०८०|२०८१)

पन्ध्रौ योजना (२०७६|२०७७-२०८०|२०८१)

पन्ध्रौ योजना (२०७६|२०७७-२०८०|२०८१) मा बाल विवाहको रोकथाम लगायत विभिन्न प्रकारका सामाजिक दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य लिईएको छ ।

## २.३ बालमैत्री स्थानीय शासनको पृष्ठभूमि

हेटौडा उपमहानगरपालिकाले लामो समय देखि बाल अधिकारका क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको सन्दर्भमा २०७९ भदौ ५ गते बालमैत्री स्थानीय शासन नीतिगत अवलम्बन तथा घोषणा सम्बनधी उपमहानगरपालिका स्तरीय अभिमुखिकरण कार्यक्रम गरी यस उपमहानगरपालिकाले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुलाई थप प्रभावकारीताका साथ अघि सारेको हो । उपमहानगरपालिकाले २०८० मंसिर भित्रमा बालमैत्री स्थानीय शासन घोषणा गर्ने कर्ययोजना सहितको प्रतिबद्दता गरी बालमैत्री स्थानीय शासन सम्बन्धी अभियान संचालन गरेपछी यस वडाले बालमैत्री स्थानीय शासन नीतिगत अवलम्बन तथा घोषणा सम्बनधी वडा स्तरीय अभिमुखिकरण कार्यक्रम गरी बालमैत्री स्थानीय शासन वडागत अवधारणाको सुरु गरेको हो । वडाले मिति २०८० भदौ २९ गते बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने प्रतिबद्दता सहित वडामा बालमैत्री स्थानीय शासनका विभिन्न कार्यक्रमहरु गर्दै आएको छ ।

बालबालिकालाई मित्रवत वा मैत्रीपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्को अर्थमा बालमैत्री भन्नाले बालबालिकालाई मनपर्ने, उनीहरूलाई सहज, रमाइला र सुरक्षित लाग्ने तथा बालअधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ। जस्तैः विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले बालबालिकालाई राम्रो व्यवहार गर्नु आदि। यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा, धर्म आदिको आधारमा भेदभाव नगर्नु बालबालिका सम्बन्धी विषयमा बालबालिकाका विचारहरू सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्री भनिन्छ।

### २.३.१ बालमैत्री

बालबालिकालाई मित्रवत वा मैत्रीपूर्ण व्यवहार गर्नु नै बालमैत्री हो। अर्को अर्थमा बालमैत्री भन्नाले बालबालिकालाई मनपर्ने, उनीहरूलाई सहज, रमाइला र सुरक्षित लाग्ने तथा बालअधिकार हनन् नहुने व्यवहार वा वातावरण भन्ने बुझिन्छ। जस्तैः विद्यालयमा बालबालिका अनुकूल वातावरण हुनु, शिक्षकले बालबालिकालाई साथी जस्तै व्यवहार गर्नु, घरमा अभिभावकले बालबालिकालाई राम्रो व्यवहार गर्नु आदि। यस्तै बालबालिकाको लिङ्ग, जाति, भाषा, धर्म

आदिको आधारमा भेदभाव नगर्नु बालबालिका सम्बन्धी विषयमा बालबालिकाका विचारहरू सुन्नु र कदर गर्ने वातावरणलाई बालमैत्री भनिन्छ।

### २.३.२ बालमैत्री स्थानीय शासन

बालमैत्री स्थानीय शासन स्थानीय तहमा बाल अधिकार सुनिश्चित गर्न ल्याइएको शासकीय अवधारणा हो ।यस अवधारणामा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई बाल अधिकारका चार पक्षलाई मुख्य आधारको रुपमा लिईएको छ।नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९, पन्ध्रौं योजना लगायतका कानून, नीति तथा कार्यक्रमहरूमा बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गर्न विभिन्न व्यवस्था गरिएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७९ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ का बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो ।

## २.४ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बाल अधिकारका सवालहरुनै बालमैत्री स्थानीय शासनको क्षेत्रहरु हुन् ।

### २.४.१ बाल बचाउ

बालबालिकालाई पोषणयुक्त खाना, आवास, लत्ता कपडा, औषधी, तोकिएका खोपहरू, स्तनपान गर्न पाउने अधिकार, अभिव्यक्तिको स्वतन्त्रता, राष्ट्रियताको अधिकार, भेदभाव विरूद्दको अधिकार, हेरचाह र पालनपोषणको अधिकार र स्वास्थ्यको अधिकार तथा आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरन्जन एवम् सांस्कृतिक अधिकार बालबालिकाको बाँच्न पाउने अधिकार अन्तर्गत पर्दछन्।

### २.४.२ बाल संरक्षण

बाल संरक्षण अन्तर्गत बालबालिकाको नाम र जन्म दर्ता, आफू विरूद्द हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, बेचविखन, ओसार पसार शोषण र बेवास्ताबाट संरक्षण प्राप्त गर्ने अधिकार, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई सुनिश्चित भविश्यको लागि स्थानीय तहबाट पुर्‍याइने विशेष संरक्षण, बालबालिकालाई निजको बाबु आमा, संरक्षक, शिक्षक वा जोसुकैबाट हुने शारीरिक तथा मानसिक यातना र अमानवीय व्यवहार विरूद्द संरक्षण जस्ता विषय पर्दछन्।

### २.४.३ बाल विकास

बाल विकास अन्तर्गत बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक विकास सहितको व्यक्तित्व विकासका लागि शिक्षा, संरक्षकत्व प्राप्त गर्ने जस्ता अधिकारलाई सम्झनुपर्दछ। बालबालिकासँग सम्बद्द विषयगत क्षेत्रहरू जस्तै सार्वजनिक भौतिक सुविधाहरू, भवन, विद्यालय, अस्पताल, उद्यान, मनोरन्जनस्थल, सडकपेटी, जेब्राक्रसिङ आदिको उपयोगमा बालबालिकाको अधिकार सुरक्षित रहने विषयहरू पनि विकासको अधिकारभित्र पर्दछन्।स्थानीय आवश्यकता र सम्भावनाको आधारमा बालप्रतिभा उजागर हुनेगरी सञ्चालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरू बाल विकासका क्षेत्रभित्र पर्दछन्।

### २.४.४ बाल सहभागिता

बालबालिकाको सरोकारका विषय र उनीहरूको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने नीतिहरूको निर्माण तथा निर्णय प्रकृयामा बालबालिकाको कुरा सुनुवाई गर्ने र उनीहरूको विचारको कदर गर्ने, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउने, आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने, कुनै पनि विषयको जानकारी राख्न र अभिव्यक्त गर्न पाउने, रचनात्मक कार्य गर्न तथा संघ-संस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरू नै बालबालिकाको सहभागिताको अधिकार हो । बालबालिकाले आफूलाई

विभिन्न स्थानमा सहभागी गराउदै सिक्ने, अनुभव गर्ने, अनुभूति गर्दै यसलाई व्यवहारिक तरिकाबाट आत्मसाथ गर्दै आफूलाई परिपक्व र सक्षम बनाउदै लैजानु बाल सहभागिता हो।

## २.५ बाल समूह सम्बन्धी विवरण

**बालक्लबको प्रकार र लिङ्गको आधारमा सहभागिता**

| क्र.सं. | बालक्लबको विवरण | बालिका | बालक | अ. बालिका | अ. बालक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा आधारित बालसमूह | ५३ | ५३ | ० | ० | १०६ |
| २ | समुदायमा आधारित बालसमूह | १६२ | ९५ | ० | ० | २५७ |
| | जम्मा : | २१५ | १४८ | ० | ० | ३६३ |

स्रोतः महिला बालबालिका तथा सामवेशीकरण महाशाखा

यस वडामा विद्यालमायमा आधारित बालसमूह र समुदायमा आधारित बालसमूहमा गरी जम्मा ३६३ जना बालबालिकाको सहभागिता रहेको छ जसमा २१५ जना बालिका र १४८ जना बालकको सहभागिता रहेका छन् ।

## २.६ वडा तहको शासकिय संरचनामा बाल सहभागिता

| क्र.स. | शासकीय संरचनामा | बालक | बालिका | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बालअधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समितिहरु ( ६ विद्यालयमा) | ३ | ३ | ६ |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | १ | १ | २ |
| ५ | बालसमूह १८ वटामा | १४८ | २१५ | ३६३ |
| ६ | वडा बाल समूह संजाल | ११ | १४ | २५ |

स्रोतः महिला बालबालिका तथा सामवेशीकरण महाशाखा

## २.७ बालमैत्री स्थानीय शासन वडा समितिको विवरण

**बालमैत्री स्थानीय शासन वडा समितिको विवरणः**

| क्र.स. | नाम थर | पद | प्रतिनिधित्व गरेको निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | **सबिन न्यौपाने** | **अध्यक्ष** | **१ न वडा अध्यक्ष** | |
| २ | **मनु दाहाल** | **सदस्य** | **वडा सदस्य** | |
| ३ | **इश्वरी बिश्वकर्मा** | **सदस्य** | **वडा सदस्य (का पा सदस्य)** | |
| ४ | **रामकृष्ण अधिकारी** | **सदस्य** | **वडा सदस्य** | |
| ५ | **सोनाम सिंह भ्लोन** | **सदस्य** | **वडा सदस्य** | |
| ६ | **पार्वती पौडेल** | **सदस्य** | **नकौली स्वा स प्र** | |
| ७ | **रुपा ढुङ्गाना** | **सदस्य** | **टो बि सं स स अ** | |
| ८ | **लक्ष्मी आचार्य** | **सदस्य** | **मेलमिलाप सहजकर्ता** | |
| ९ | **मालती उप्रेती** | **सदस्य** | **अमर मा बि प्र अ** | |
| १० | **श्याम सुनार** | **सदस्य** | **भैरव आ बि ब्य स अ** | |
| ११ | **कृष्ण प्रसाद बर्तौला** | **सदस्य** | **यातायात ई ई प्र अ** | |
| १२ | **शान्ती पाख्रीन** | **सदस्य** | **म स्वा स्वयमसेविका** | |
| १३ | **सुदिप वाइबा** | **सदस्य** | **बालक प्रतिनिधि - वडा संजाल** | |

| | | | | |
|---|---|---|---|---|
| **१४** | **कृष्तिका न्यौपाने** | **सदस्य** | **बालिका प्रतिनिधि - वडा संजाल** | |
| **१५** | **शान्ता देबी लौडारी** | **सदस्य सचिव** | **१ न वडा सचिव** | |

स्रोतः महिला बालबालिका तथा समावेशीकरण महाशाखा

## २.८ बाल भेला र बाल सहभागिता

बालमैत्री स्थानीय शासनका चूचक स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ, नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ भन्ने रहेको छ जासको कार्यान्वयन सतप्रिशत हुनु पर्दछ यसै सन्दर्भमा यस हेटौडा उपमहानगरपालिकाले अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्नको लागि आ.व. २०८०।८१ को योजना तर्जुमाको चरणमा नगर स्तरको बालभेला आयोजना गरेको हो ।

# खण्ड ३ वडाको जनसंख्या

## ३.१ लिङ्ग, उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

### ३.१.१ लिङ्गको आधारमा जनसंख्या

यस वडा नं. १ मा कुल १२२९ घरपरिवारमा ६७९० जना रहेका छन जसमा बालिका ९६९ अर्थात १५% र बालक १०४५ अर्थात १५% गरी जम्मा २०१४ रहेको छ । यसैगरी महिला २३८८ अर्थात ३५% र पुरुष २३८८ अर्थात ३५% गरी जम्मा ४७७६ जना रहेको छ । यस वडालको कुल जनसंख्या भने ६७९० रहेको छ ।

| लिङ्गको आधारमा जन-संख्या | | | | लिङ्गको आधारमा घरमुली | |
|---|---|---|---|---|---|
| क्र.स. | लिङ्ग | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | महिला | ४९ | ३३५७ | ३० | ३६९ |
| २ | पुरुष | ५१ | ३४३३ | ७० | ८६० |
| | | **१००** | **६७९०** | **१००** | **१२२९** |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा ६७९० कुल जनसंख्या मध्ये ३४३३ पुरुष र ३३५७ महिलाहरुको जनसंख्या रहेको छ । संख्याको आधारमा झण्डै बराबरीजस्तै देखिने जनसंख्या भएतापनी परीवारको नेतृत्व तहमा भने पुरुषहरुको नै नेतृत्व रहेको छ । १२२९ परिवार रहेकोमा ७०% अर्थत ८६० घरपरिवारको नेतृत्व पृतिसतात्मक परिपाटीमानै रहेको छ भने बाँकी ३६९ वा ३०% घरपरिवारमा मात्र महिलाको नेतृत्व रहेको छ । समाजमा महिलाहरुको सहभागिता गराउनका लागि घरैदेखिनै महिलाहरुको सक्रियताको आवश्यक भने देखिन्छ ।

### ३.१.२ उमेर समूहका आधारमा जनसंख्या

| क) | बालबालिकाको जनसंख्या विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | उमेर समूह | बालिका प्रतिशत | बालक प्रतिशत | बालिका संख्या | बालक संख्या | जम्मा संख्या |
| १ | जन्मे देखि १ वर्ष सम्म | १ | १ | ६० | ७५ | १३५ |
| २ | १ देखि २ वर्ष | १ | १ | ६० | ७९ | १३९ |
| ३ | ३ देखि ५ वर्ष | २ | २ | १३८ | १६१ | २९९ |
| ४ | ६ देखि १० वर्ष | ४ | ४ | २५३ | २६८ | ५२१ |
| ५ | ११ देखि १८ वर्ष | ७ | ७ | ४५८ | ४६२ | ९२० |
| | **जम्मा** | **१५** | **१५** | **९६९** | **१०४५** | **२०१४** |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा कुल जनसंख्या ६७९० रहेकोमा बालक १०४५ र बालिका ९६९ जना रहेका छन । यस वडाको कुल जनसंख्याको ३०% जनसंख्या बालबालिकाको रहेको छ । यसरी बालबालिकाको विभिन्न उमेर समूहको तथ्याङ्कलाई हेर्ने हो भने ११ देखि १८ बर्ष समूहका बालबालिका सबैभन्दा धेरै र १ बर्ष भन्दा कम उमेर समूहका बालबालिकाको संख्या सबैभन्दा कम रहेको छ ।

| ख) | अठार वर्ष माथिको जनसंख्या विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | उमेर समूह | महिला प्रतिशत | पुरुष प्रतिशत | महिला संख्या | पुरुष संख्या | जम्मा संख्या |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | १९ देखि २५ वर्ष | ७ | ५.४ | ५१४ | ४३६ | ९५० |
| ७ | २६ देखि ३० वर्ष | ६ | ६ | ३८२ | ३७७ | ७५९ |
| ८ | ३१ देखि ४० वर्ष | ७.४७ | ९ | ५७५ | ६०१ | ११७६ |
| ९ | ४१ देखि ५० वर्ष | ६ | ६ | ३७७ | ४१९ | ७९६ |
| १० | ५१ देखि ६० वर्ष | ४ | ४ | २६१ | २५४ | ५१५ |
| ११ | ६१ देखि ७० वर्ष | ३ | ३ | १८२ | १९० | ३७२ |
| १२ | ७१ देखि ८० वर्ष | १ | १ | ६३ | ६८ | १३१ |
| १३ | ८१ देखि ९० वर्ष | ०.४१ | ०.५३ | २८ | ३६ | ६४ |
| १४ | ९१ देखि १०० वर्ष | ०.१२ | ०.०७ | ६ | ७ | १३ |
| १५ | १०० वर्ष भन्दा माथिका | ०.० | ०.० | ० | ० | ० |
| **जम्मा** | | **३५** | **३५** | **२३८८** | **२३८८** | **४७७६** |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

### ३.२ जातिगत आधारमा जनसंख्याः

| जनसंख्या विवरण | | | | | | परिवार संख्या विवरण | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **जात/जाति** | **महिला** | **पुरुष** | **जम्मा** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| १ | ब्राह्मण/क्षेत्री | १०१९ | १०१३ | २०३२ | २९.९३ | ३९७ | ३२.३ |
| २ | जनजाति | १९२२ | १९७७ | ३८९९ | ५७.४२ | ६८९ | ५६.१ |
| ३ | दलित | १०० | १०४ | २०४ | ३.०० | ३८ | ३.१ |
| ४ | मधेसी | ३१६ | ३३९ | ६५५ | ९.६५ | १०५ | ८.५ |
| **जम्मा** | | ३३५७ | ३४३३ | ६७९० | १०० | १२२९ | १०० |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा जनजातिको बाहुल्यता रहेको । कुल ६७९० जनसंख्या रहेकोमा १९२२ जनाजाति महिला र १९७७ जनजाति पुरुष गरी जम्मा ३८९९ जना जनजातिहरु रहेका छन अर्थात कुल जनसंख्याको ५७.४२% जनसंख्या जनजातिहरुको रहेको छ । यसैगरी ब्राह्मण/क्षेत्री जम्मा २०३२ जना रहेका छन । ब्राह्मण/क्षेत्री महिला १०१९ र ब्राह्मण/क्षेत्री पुरष १०१३ अर्थात कुल जनसंख्याको २९.९३% रहेको छ । दलित महिला १०० र दलित पुरुष १०४ गरी जम्मा २०४ जना छन यो जनसंया कुल जनसंख्याको ३% हो भने मधेसी महिला ३१६ र मधेसी पुरूष ३३९ गरी जम्मा ६५५ अर्थात कुल जनसंख्याको ९.६५% रहेको छ । घरपरिवारको संख्या हेर्ने हो भने १२२९ परिवार रहेको यस वडामा आधा भन्दा बढी जनसंख्या जनाजातिरुको रहेको छ । ५६.१% जनजातिहरुको घरपरिवार रहेकोमा ब्राह्मण/क्षेत्री हरुको भने ३२.३% घरपरिवार रहेको छ। पहाडी क्षेत्र भएता पनि ८.५ % मधेसीहरुको घरपरिवार रहेको छ । यसैगरी ३.१ दलितहरुको घरपरिवार रहेको छ । यस प्रकारको जनसंख्यालाई हेर्दा जातिगत विविधता रहेको पाईन्छ ।

### ३.३ धर्मका आधारमा जनसंख्या विवरण

| धर्मका आधारमा जनसंख्या तथा परिवार संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | धर्म | **महिला** | **पुरुष** | **जम्मा** | **प्रतिशत** | **परिवार संख्या** | **परिवार प्रतिशत** |
| १ | बौद्ध | ७०१ | ७४२ | १४४३ | २१.२५ | २३२ | १८.९ |
| २ | हिन्दु | २४८९ | २५३७ | ५०२६ | ७४.०२ | ९३७ | ७६.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | इसाई | १०३ | ८९ | १९२ | २.८३ | ४१ | ३.३ |
| ४ | मुस्लिम | ६४ | ६५ | १२९ | १.९० | १९ | १.५ |
| जम्मा | | ३३५७ | ३४३३ | ६७९० | १००.०० | १२२९ | १०० |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा कुल जनसंख्याको ७४.०२% हिन्दुहरुको रहेको छ । महिला २४८९ र पुरुष २५३७ गरी ५०२६ जनाले हिन्दु धर्म मान्ने गरेका छन । घरपरिवार संख्यालाई हेर्ने हो भने १२२९ घरपरिवार संख्या रहेकोमा हिन्दु धर्म मान्ने परिवार संख्या ९३७ अर्थात ७६.२०% रहेको छ । यस वडामा बौद्ध धर्म मान्ने जनसंखा २१.२५% रहेको छ । महिला ७०१ र पुरुष ७४२ गरी जम्मा १४४३ जनाले बौद्ध धर्म मान्ने गरेका छन् ।१२२९ परिवार रहेको यस वडामा २३२ परिवार अर्थात १८.९% बौद्ध धर्मालम्बीहरुको रहेको छ । यस वडामा इसाई धर्मालम्बीहरुको समेत बसोवास रहेको पाईन्छ । वडाको कुल जनसंख्याको २.८३% जनसंख्या इसाई धर्म मान्छन । महिला १०३ र पुरुष ८९ गरी जम्मा १९२ जनाको ४१ घर परिवार रहेको छ ।यसैगरी यस वडामा मुस्लिमहरुको पनि बसोवास रहेको छ १.९०% मुस्लिमहरुको जनसंख्या रहेको छ । महिला ६४ र पुरुष ६५ गरी १२९ जना मुस्लिमहरु छन । यस वडामा १९ घरपरिवार मुस्लिमहरुको बसोवास रहेको छ यसरी यस वडामा धार्मिक विवधता समेत रहेको पाईन्छ ।

### ३.४ भाषाका आधारमा जनसंख्या

| भाषाका आधारमा जनसंख्या | | | |
|---|---|---|---|
| **क्र.स.** | **भाषाहरु** | **भाषा/भाषी प्रतिशत** | **भाषा/भाषी संख्या** |
| १ | नेपाली | ५६.६ | ६९५ |
| २ | तामांङ | २९.२१ | ३५९ |
| ३ | गुरुङ | ०.५ | ६ |
| ४ | मगर | २.४ | ३० |
| ५ | नेवारी | ५.४ | ६६ |
| ६ | भोजपुरी | ४.२ | ५२ |
| ७ | मैथली | ०.८ | १० |
| ८ | हिन्दी | ०.४ | ५ |
| ९ | शेर्पा | ०.१ | १ |
| १० | राई | ०.२ | ३ |
| ११ | मुस्लिम | ०.१ | १ |
| १२ | बजिका | ०.१ | १ |
| **जम्मा** | | १०० | १२२९ |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

१२२९ घरधुरी रहेको यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा भाषाका आधारमा जनसंख्याको विवरण हेर्दा सवैभन्दा धैरै नेपाली भाषिक परिवार संख्या रहेको छ । जसमा ६९५ अर्थात ५६.६% ले नेपाली मातृभाषा बोल्ने गरेका छन । हेटौडा उपमहानगरपालिका ले बालमैत्री स्थानीय शासन पालिका घोषणाका लागि वस्तुगत बिवरण तयारिका लागि गरेको तथ्याङ्क सङ्कलनका आधारलाई हेर्दा जातिगत रुपमा जनजातीहरुको बसोबास बढी भएको

भएतापनि नेपाली भाषिकहरुको बाहुल्यता देखिनुले जातिगत भाषाको बोलिचालीमा कमि आएको देखिन्छ । वडा नं. १ मा तामाङ भाषाको प्रयोग २९.२१% ले रहेको छ । भाषिक विविधता रहेको यस वडामा नेपाली, तामाङ भषाका अलावा नेवारी, भोजपुरी, मगर, गुरुङ, मैथली, राई, शेर्पा आदि १२ थरीका भाषिक समुदायको बसोबास रहेको छ ।

### ३.५ जन्मदर्ता सम्बन्धि विवरण

| ५ बर्ष मुनिका बालबालिका संख्या | | | जन्मदर्ता भएका बालबालिका संख्या | | | |
|---|---|---|---|---|---|---|
| **बालिका संख्या** | **बालक संख्या** | **जम्मा संख्या** | बालिका संख्या | **बालक संख्या** | **जम्मा संख्या** | **प्रतिशत** |
| **२५८** | ३१५ | ५७३ | २०५ | २९० | ४९५ | ८६.३८ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९५७३

यस वडामा रहेका ५ बर्ष मुनिका जम्मा बालबालिका सख्या ५७३ जना रहेका छन् । जसमा बालिका २५८ जना र बालक ३१५ छन् जसमध्ये २०५ जना बालिका र ४९५ जना बालकको जन्मदर्ता भएको छ । जन्मदर्ता हुनेमा कुल बालबालिकाको ८६.३८% देखिन्छ । बालमैत्री स्थानीय शासनको सूचक अनुसार पनि ५ वर्ष मुनिका सवै बालबालिको जन्मदर्ता भएको हुनुपर्ने प्रावधान १००% पुरा भएको हुनु पर्दछ ।

### ३.६ बाल विवाहको अवस्था

#### ३.६.१ विवाह सम्बन्धी विवरण

| कुल विवाहको सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **लिङ्ग** | **प्रतिशत** | **संख्यष** |
| १ | महिला | ५२ | १०५ |
| २ | पुरुष | ४८ | ९६ |
| ३ | लैंगिग अल्पसंख्यक | ० | ० |
| **जम्मा** | | १०० | २०१ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा विवाहको अवस्थालाई हेर्ने हो भने २०१ ओटा विवाह भएको पाईन्छ । १०५ महिला, ९६ पुरुषको विवाह भएको हो । पुरुषको तुलनामा महिलाको विवाह ४% ले बढी भएको छ ।

#### ३.६.२ बाल विवाह सम्बन्धी विवरण

| क्र.स. | कुल विवाह संख्या | २० वर्ष भन्दा कम उमेरमा भएको विवाह संख्या |
|---|---|---|
| १ | २०१ | ३२ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा कुल विवाहको १५.९२% विवाह गैरकानुनि विवाह भएको छ ।

#### ३.६.३ उमेरगत विवाह सम्बन्धी विवरण

यस वडामा भएको कुल विवाहको अवस्था सम्बन्धी विवरण यस प्रकार रहेको छः

| उमेरगत विवाह सम्बन्धी विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | ० देखि ५ | ६ देखि १० | ११ देखि १५ | १६ देखि १८ | १९ देखि २० | २१ देखि २५ | २६ देखि ३० | ३१ देखि ३५ | ३६ देखि ४० | ४१ देखि ४५ | ४६ देखि ५० | ५० वर्ष भन्दा माथी | जम्मा |
| बालिका, महिला | ० | ० | ० | ६ | २१ | ५० | २३ | ४ | १ | ० | ० | ० | १०५ |
| बालक, पुरुष | ० | ० | १ | १ | ३ | ४० | ४१ | ६ | ४ | ० | ० | ० | ९६ |
| लैंगिग अल्पसंख्यक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | ० | ० | १ | ७ | २४ | ९० | ६४ | १० | ५ | ० | ० | ० | २०१ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

हेटौडा उपमहानगरपालिका वडा नं. १ मा विगत ३ वर्षको विवाह दर हेर्दा ३२ जना बालबालिकाहरुको गैरकानुनि विवाह भएको पाईन्छ । ६ जना बालिकाहरुको १८ वर्ष भन्दा कम उमेरमा विवाह गरेका छन । बालिकाको तुलनामा बालकहरुक विवाह संख्या भने कम रहेको छ । २ जना बालकहरुको विवाह १८ वर्ष भन्दा कम उमेरमानै भएको छ । २० वर्ष सम्मको विवाह संख्या हेर्ने हो भने २१ जना बालिका र ३ जना बालक गरी २४ जनाको विवाह भएको छ । यसरी कुल ३२ जनाले २० वर्ष उमेर पुरा नहुदै विवाह गरेका छन अर्थात १५% विवाह गैरकानुनी विवाह भएको देखिन्छ । नेपालको कानुनले २० वर्ष उमेर पुरा नभई गरीने विवाहलाई गैरकानुनी विवाह मानेको छ र यस्तो विवाह स्वतः बदर समेत हुन्छ उमेर नपुगी गरिने विवाह सामाजिका र कानुननी हिसाबले अपराध समेत मानिन्छ ।

## ३.७ प्रति परिवार औषत बालबालिका संख्या

| प्रति परिवार औषत बालबालिका | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | घर परिवार संख्या | बालबालिका संख्या | महिला | पुरुष | जम्मा | प्रति परिवार औषत बालबालिका संख्या | प्रति औषत परिवार संख्या |
| १ | १२२९ | २०१४ | ३३५७ | ३४३३ | ६७९० | १.६ | ५.५ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

हेटौडा उपमहानगरपालिका वडा नं. १ को प्रति परिवार औषत बालबालिका १.६% रहेको छ । १२२९ घरपरिवारमा गरीएको वस्तुगत बिवरण संकल (तथ्याङ्क सङ्कलन) कार्यक्रम २०७९ अनुसार यस वडामा २०१४ जना बालबालिका रहेका छन् । ६७९० जनसंख्या रहेको यस वडाको प्रति घरपरिवार औषत परिवार संख्या हेर्ने हो भने ४.६७% रहेको देखिन्छ ।

## ३.८ अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण

| १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको अपाङ्गताको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | अपाङ्गताको प्रकार | प्रतिसत | संख्या |
| १ | शारिरिक् अपाङ्गता | ० | ० |
| २ | दृष्टिबिहिन र न्युन दृष्टिबिहिन | ० | ० |
| ३ | स्वरबोलाई सम्बन्धि | ० | ० |

| | | | |
|---|---|---|---|
| ४ | मानसिक बौद्धिक अपाङ्गता | ० | ० |
| ५ | सुस्त श्रवन तथा बहिरा | ० | ० |
| ६ | श्रवन र दृष्टि बिहिन | ० | ० |
| **जम्मा :** | | **०** | ० |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस  हेटौडा उपमहानगरपालिका वडा नं. १ मा अपाङ्गता भएका बालबालिकाहरु रहेका छैनन् ।

# खण्ड ४ वडाको बाल तथा मातृ स्वास्थ्य

## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

सुरक्षित मातृत्व कार्यक्रम अन्तरर्गत यस  हेटौडा उपमहानगरपालिका वडा नं. १ मा गर्भवति महिलाहरुले नियमित गर्भ जाँच गर्ने, आईरन चक्कि खाने र सुत्केरी हुनका लागि स्वास्थ्य संस्थामा जाने गरेका छन । यसैगरी सुत्केरी पश्चात नवजात शिशु र आमाको जाँच गर्ने गरेका छन  यसैगरी नवजात शिशुलाई जन्मिने वितिक्कै आमाको बिगौति दुध खुवउने गरेका छन् । ९७.९२% नबजात शिशुले जन्मिने वितिक्कै आमाको बिगौति दुध खान पाएका छन् भने ९७.६४% बालबालिकालाई ६ महिना सम्म आमाको दुध मात्र खुवाउने गरेको पाईयो । यसका साथै पोषिलो खानेकुरा, खोप र प्रथमिक उपचारको व्यवस्था समेत गरेको पाइन्छ । यसका सथै सुनौलो हजार दिन तथा सुत्केरी प्रोत्साहन कार्यक्रले समेत सुरक्षित मातृत्व कार्यक्रमलाई सहयोग गराको छ ।

## ४.२ खोप लगाउने बालबालिका सम्बन्धि विवरण

| खोप सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. सं. | लिङ्ग | बि.सि.जी.(BCG) | डी.पी.टि./हेप.बि. हिव. -2 | डी.पी.टि. /हेप.बि. हिव.-2 | डी.पी.टि./हेप.बि. हिव.-3 | दादुरा/रुबेला |
| १ | बालिका | ४८ | ५३ | ५३ | १९ | ९ |
| २ | बालक | ७० | ६० | ६० | ३६ | २२ |
| | जम्मा संख्या | ११८ | १०३ | १०३ | ५५ | ३२ |
| | जम्मा प्रतिशत | **९५** | **८३** | **८३** | **४४** | **२५** |

| खोप सम्बन्धी विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | लिङ्ग | हेपटाईटिस वी | पी.सी.भी. | रोटा | पोलियो | एफ.आइ. पी.भी. | दादुरा/ रुबेला -३ | जे.इ. |
| १ | बालिका | १६ | २८ | ३२ | २८ | २१ | ० | १२ |
| २ | बालक | ३० | ५१ | ५३ | ४२ | ३६ | २ | २४ |
| | जम्मा संख्या | ४६ | ७९ | ६५ | ७० | ५७ | २ | ३६ |
| | जम्मा प्रतिशत | **३७** | **४६** | **६९** | **५६** | **४६** | **२** | **२९** |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा जन्मे देखि १ वर्ष उमेर समूहका ९५% बालबालिकाले मात्र **बि.सि.जी. खोप** लगाएका छन । यसरी खोप । **बि.सि.जी.**खोप लगाउन बाँकि ५% बालबालिका बाँकि रहेको देखिन्छ । पूर्ण खोप नहुदा बालमैत्री स्थानीय शासनको सूचक समेत पुरा हुदैन ।

## ४.३ कुपोषणबट प्रभावित बालबालिका सम्बन्धी विवरण

| क्र.स. | ५ वर्ष मुनिका बालबालिका | कम तौल, पुड्को र ख्याउटेपन भएका बालबालिका | अति कडा कुपोषण भएको बालबालिका | पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका |
|---|---|---|---|---|
| १ | ५७३ | ० | ० | ० |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा कुपोषण भएका बालबलिकाहरु छैनन् । कम तौल, पुड्को र ख्याउटेपन भएका बालबालिका, अति कडा कुपोषण भएको बालबालिकाका तथा पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका छैनन् ।

### ४.४ स्तनपान सम्बनधी विवरण

| जन्मिने बिततिक्कै बिगौती दुध खुवाएको वा नखुवाएको | | | | ६ महिना सम्म आमाको दुध मात्रै खुवाएको व नखुवाएको | | |
|---|---|---|---|---|---|---|
| **शिशु संख्या** | | खुवाएको | नखुवाएको | खुवाएको | नखुवाएको | २ महिना वा सो भन्दा कम मात्र आमाको दुध खुवाएको |
| **जम्मा** | ७२१ | ७०६ | १५ | ७०४ | १३ | ४ |
| **प्रतिशत** | १०० | ९७.९२ | २.०८ | ९७.६४ | १.८० | ०.५५ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडा रहेका ९७.९२% नवजात शिशुले जन्मिने बितिक्कै विगौति दुध खाएका छन् भने जन्मिने बितिक्कै विगौति दुध नखाने २.०८% नवजात शिशुहरु रहेका छन । यसैगरी ९७.६४% बालबालिकालाई ६ महिना सम्म आमाको दुध मात्रै खुवाईएको छ र १.८०% बालबालिकालाई ६ महिना सम्म आमाको दुध मात्रै नखुवाई अन्य खानेकुरा पनि खुवाईएको छ भने ०.५५% बालबालिकालाई २ महिना सम्म मात्र आमाको दुध मात्रै खुवाईएको छ ।

### ४.५ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरु र तीनको उपचार व्यवस्था

यस वडामा रहेका बालबलिकामा सामान्यतया ज्वोरो, रुघाखोकी, श्वासप्रश्वास सम्बन्धी समस्या, झाडापखला, कान दुख्नु, छालाको समस्या, सेतो मासि तथा रातो मासिपर्ने, आदि संक्रमणहरु हुने गरेका छन् र यस्ता संक्रमण भएको समयमा बालबालिकालाई घरेलु उपचारलाई पहिलो प्रथमिकतामा राखिने र थप उपचारको आवश्य परेमा स्थानीय स्वास्थ्य संस्थामा जाने गरिन्छ ।

#### ४.५.१ परिवारमा देखा परेका दिर्घ रोग सम्बन्धी विवरणः

| दिर्घ रोग लागेका बालबालिका भएका परिवार सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **प्रतिशत** | **संख्या** |
| १ | लागेको छ | ०.४१ | ५ |
| २ | लागेको छैन | ९९.५९ | १२२४ |
| **जम्मा:** | | १०० | १२२९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडाका १२२९ घरपरिवार मध्ये ५ परिवारका बालबालिकामा विभीन्न प्रकारको दिर्घ रोग लागेको छ । जुन ०.४१% हो । १ बालक र १ बालिका गरी २ जना बालबालिकामा मुटु सम्बन्दी रोग लागेको छ । यस पहिले नै ३ परिवारका बालबालिका दिर्घ रोगका कारण निधन समेत भएको थियो ।

#### ४.५.२ बालबालिकामा देखा पर्ने गरेका दिर्घ रोगका प्रकारहरु सम्बन्धी विवरण

| दिर्घ रोगहरु लागेका बालबालिकालाई विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **प्रतिशत** | **संख्या** |
| १ | एचआईभी/एड्स | ० | ० |
| २ | क्यान्सर | ० | ० |
| ३ | मधुमेय/चिनीरोग | ० | ० |
| ४ | मुटु रोग | ४० | २ |
| ५ | मृगौला सम्बन्धि रोग | ० | ० |
| ६ | अन्य | ६० | ३ |
| **जम्मा:** | | १०० | ५ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा रहेका बालबालिकाहरु मध्ये १ बालक र १ बालिकालाई मुटु सम्बन्धी दिर्घ रोग रहेको देखिन्छ । यस्ता दिर्घ रोग लागेका बालबालिकालाई आवश्यकताका आधारमा आवश्यक सहयोग वा विशेष व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

## ४.६ प्रसुति पूर्व ४ पटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परिक्षण गराउने गर्भवति महिलाहरुको विवरण

यस वडामा गर्भवति भएका माहिलाहरु ४१ जना रहेको मा ६ जना सुत्केरी भएका छन् ।

| गर्भवति सम्बन्धी विवरण | | |
|---|---|---|
| विवरण | प्रतिशत | संख्या |
| सुत्केरी भएको | १४.६ | ६ |
| सुत्केरी नभएको | ८५.४ | ३५ |
| गर्भाखेर गएको | ० | ० |
| मृत्यु भएको | ० | ० |
| जम्मा | १०० | ४१ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

### ४.६.१ प्रसुति पूर्व गर्भवति महिलाको गर्भ जाँच सम्वब्धी विवरण

| प्रसुति पूर्व गर्भचति आमाको गर्भ जाँच सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | गर्भजांचको अवस्था | प्रतिशत | संख्या |
| १ | ६ पटक भन्दा बढी जाँच गर्ने | ८५.४ | ३५ |
| २ | ५ पटक सम्म जाँच गर्ने | ९.८ | ४ |
| ३ | ४ पटक सम्म जाँच गर्ने | ४.९ | २ |
| ४ | ३ पटक सम्म जाँच गर्ने | ० | ० |
| ५ | २ पटक सम्म जाँच गर्ने | ० | ० |
| ६ | १ पटक मात्रै जाँच गर्ने | ० | ० |
| ७ | गर्भवती जाँच नगर्ने | ० | ० |
| | जम्मा | १०० | ४१ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

६ पटक भन्दा बढी गर्भ जाँच गर्ने गर्भवति महिलाको संख्या ३५ रहेको छ, जुन जम्मा गर्भवतिको ८५.४% हो ।

### ४.६.२ प्रसुति पश्चात सुत्केरी आमा र नवजात शिशुको जाँच सम्बन्धी विवरण

| प्रसुति पश्चात आमा र नवजात शिशुको जाँच सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | नवशिशुको जाँचको अवस्था | प्रतिशत | संख्या |
| १ | जाँच गरेको | १०० | ६ |
| २ | जाँच नगरेको | ० | ० |

| जम्मा: | १०० | ६ |
|---|---|---|

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण गराउने ६ जना रहेका छन । ६ जना सुत्केरी आमाहरुमा ६ जनालेनै प्रसुति पश्चात आमा र नवजात शिशुको स्वास्थ्य परिक्षण गराएका छन् ।

## ४.७ टिडी खोप सम्बनधी विवरण

| गर्भवति सम्बन्धी विवरण | | |
|---|---|---|
| विवरण | प्रतिशत | संख्या |
| सुत्केरी भएको | १४.६ | ६ |
| सुत्केरी नभएको | ८५.४ | ३५ |
| जम्मा | १०० | ४१ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

| टिडी खोप सम्बनधी विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | टिटी खोप लगाउने गर्भवती | प्रतिशत | संख्या |
| १ | ४ पटक सम्म लगाउने | १७.१ | ७ |
| २ | ३ पटक सम्म लगाउने | ३४.१ | १४ |
| ३ | २ पटक सम्म लगाउने | ३९.० | १६ |
| ४ | १ पटक मात्र लगाउने | ७.३ | ३ |
| ५ | टीडी खोप नलगाउने | २.४ | १ |
| जम्मा: | | १०० | ४१ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा रहेका ४१ जना गर्भवतिहरु मध्ये ४ पटक सम्म टीडी खोप लगाउने ७ जान रहेका छन भने १४ जना गर्भवतिहरुले ३ पटक टीडी खोप लागाएका छन् यसैगरी १६ जना गर्भवतिहरुले २ पटक टीडी खोप लागाएका छन् । यसका साथै ३ जना गर्भवतिहरुले १ पटक मात्र टीडी खोप लागाएका छन् भने टीडी खोप नलागाउने १ जान गर्भवति महिला रहेकी छिन् ।

## ४.८ आईरन चक्की सम्बनधी विवरण

| क्र.सं. | आइरन चक्की प्रयोगको अवस्था | आइरन चक्की प्रयोगको प्रतिशत | आइरन चक्की प्रयोगको संख्या |
|---|---|---|---|
| १ | २५० चक्की सम्म प्रयोग गर्ने | १९.५ | ८ |
| २ | २०० चक्की सम्म प्रयोग गर्ने | १९.५ | ८ |
| ३ | १५० चक्की सम्म प्रयोग गर्ने | ९ | ० |
| ४ | १०० चक्की सम्म प्रयोग गर्ने | १९.५ | ८ |
| ५ | ५० चक्की सम्म प्रयोग गर्ने | ७.३ | ३ |
| ६ | २५ चक्की सम्म प्रयोग गर्ने | ४.९ | २ |

| ७ | २० चक्की सम्म प्रयोग गर्ने | ० | ० |
|---|---|---|---|
| ८ | आइरन चक्की सम्म प्रयोग नगर्ने | २९.३ | १२ |
| | जम्मा: | १०० | ४१ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने सूचक ९५% पुरा भए पश्चात मात्र बालमैत्री स्थानीय शासनको सूचक पुरा भएको मानिने छ त्यसैले यस वडामा ८ जना महिलाहरुले मात्र आईरन चक्की पुरा खाएको देखिन्छ ।

## ४.९ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

| प्रसुति गराउने स्थसन सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **प्रतिशत** | **संख्या** |
| १ | स्वास्थ्य संस्थामा | १०० | ६ |
| २ | घरमा स्वास्थ्यकर्मीको सहयोगमा | ० | ० |
| ३ | घरमा स्वास्थ्यकर्मीको सहयोग बिना | ० | ० |
| **जम्मा:** | | १०० | ६ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा ६ जना सुत्करी महिला हरु रहेकोमा ६ जनालेनै स्वास्थ्य संस्थामा दक्ष जनशक्तिबाट सुत्केरी गराएका छन् । स्वास्थ्य संस्थामा सुत्केरी ६ जना महिलाहरु अर्थात १००% रहेका छन । घरमा स्वास्थ्यकर्मीको सहयोग बिना सुत्केरी हुने सुन्य रहेको छ भने घरमा स्वास्थ्यकर्मीको सहयोगमा सुत्केरी हुने सुत्केरी पनि सुन्य रहेको छ बालमैत्री स्थानीय शासनको सूचकहरुमा दक्ष स्वास्थ्य कर्मिहरुबाट सुत्केरी गराएको हुनु पर्ने सूचक रहेको छ जुन शतप्रतिशत पुरा भएको देखिन्छ ।

## ४.१० नियमित रुपमा तौल लिएको बालबालिका सम्बन्धि विवरण

| **० देखि ५ वर्ष उमेरका बालबालिका** | | | | **बालबालिकाको तौल सम्बन्धी विवरण** | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **बालिका** | **बालक** | **जम्मा** | तौल लिने गरेको | तौल लिने नगरेको |
| १ | २५८ | ३१५ | ५७३ | ५४६ | २०७ |
| **प्रतिशत** | | | | ९५.२८ | २७.४९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा रहेका ९५.२८% बालबालिकाहरुले नियमित रुपमा तौल लिने र तौल वृद्धि भए नभएको मापन गर्ने गरेका छन । केहि बालबालिकाहरु अर्थात २७.४९% बालबलिकाले मात्र नियमित रुपमा तौल लिने गरेका छैनन । उनेर समूहका आधअारमा तौल लिने बालबालिकाको विवरण ४.१०.१ मा रहेको छ ।

### ४.१०.१ बालबालिकाको उमेर अनुसार तौल लिने सम्बन्धि विवरण

| तौल लिने सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | **उमेर** | **प्रतिशत** | **संख्या** |
| १ | १ वर्ष | २५ | १३८ |
| २ | २ वर्ष | २४ | १३१ |
| ३ | ३ वर्ष | १६ | ९० |
| ४ | ४ वर्ष | १६ | ९० |

| ५ | ५ वर्ष | १८ | ९७ |
|---|---|---|---|
| | जम्मा: | १०० | ५४६ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा बालबालिकाहरुको नियमित रुपमा तौल लिने र बालबालिकाको तौल वृद्धि भए नभएको मापन गर्ने गररेका छन मापनको अवस्था अनुसात पोषिलो खानेकुरा खुवाउने गरेक छन । ५४६ जना बालबालिका हरुको तौल सम्ब्धी विवरण ४.१०.२ मा रहेको छ ।

### ४.१०.२ बालबालिकाको तौल सम्बन्धि विवरण

५ वर्ष सम्मका बालबालिकाको संख्या ५७३ जना रहेको मा ५४६ जनाले नियमित रुपमा तौल लिएका छन सोको विवरण यस प्रकार रहेको छ ।

| बालबालिकाको तौल सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तौल विवरण | | | | | |
| क्र.सं. | उमेर समूह | ०-२ के.जी. | ३-५ के.जी. | ६-१० के.जी. | ११-१५ के.जी. | १६-२० के.जी. | २० के.जी. माथि |
| १ | १ वर्ष | ० | ३० | ९२ | १५ | १ | ० |
| २ | २ वर्ष | ० | १ | ५७ | ६९ | ४ | ० |
| ३ | ३ वर्ष | ० | १ | १७ | ६७ | ५ | ० |
| ४ | ४ वर्ष | ० | १ | ६ | ५६ | २३ | ४ |
| ५ | ५ वर्ष | ० | ० | ३ | ४७ | ४१ | ६ |
| जम्मा | | **०** | **३३** | **१७५** | **२५४** | **७४** | **१०** |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

## ४.११ भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धि विवरण

| **लिङ्गको आधारमा भिटामिन 'ए' र जुगाको औषधि** खाएको विवरण | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **लिङ्ग** | **भिटामिन 'ए' खुवाएको प्रतिशत** | **भिटामिन 'ए' नखुवाएको प्रतिशत** | **जुगाको औषधि खुवाएको प्रतिशत** | **जुगाको औषधि नखुवाएको प्रतिशत** |
| **१** | बालिका | ८३.३ | १६.७ | ७०.८३ | २९.२० |
| **२** | बालक | ९०.०७ | ९.३ | ८४.५७ | १५.४० |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा ५ वर्ष उमेर सक्मका ५७३ जना बालबलिका रहेका छन् । बालमैत्री स्थानीय शासन घोषणाका लागि ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ भन्ने सूचक १०० प्रतिशत पुरा भएको हुनु पर्ने प्रावधान रहेको छ यस वडामा भिटामिन ए खाएका बालिका ८३% रहेका छन भने अझै भिटामिन ए खानका लागि १६.७०% बालिका रहेका छन भने ९०% बालकले भिटामिन ए खाएका छन । यसरी भिटामिन ए खाने बालकको तुलनामा बालिका हरु ७.४% ले कमि छन । जुगाको औषधि खुवाएको बालिका ७०.८३% रहेका छन भने जुकाको औषधि नखुवाएको बालिका २९.२०% रहेका छन । यस वडामा जुगाको औषधि खुवाएको बालक ८४.५७% रहेका छन भने जुकाको औषधि नखुवाएको बालक १५.४०% रहेका छन । नेपाल सरकारले भिटामिन ए र जुगाको औषधि एकै समयमा खुवाउने राष्ट्रिय कार्यक्रम हुदाँ समेत भिटामिन ए र जुगाको औषधि खाने बालबालिको संख्यामा एकरुपता देखिदैन ।

## ४.१२ HIV Positive आमा/बुवा बाट जन्मेका बालबालिका सम्बन्धी विवरण

| HIV Positive आमा/बुवा बाट जन्मेका बालबालिका | | | |
|---|---|---|---|
| क्र.सं. | **विवरण** | **प्रतिशत** | **संख्या** |

| | | | |
|---|---|---|---|
| १ | छ | ० | ० |
| २ | छैन | १०० | १२२९ |
| | **जम्मा:** | १०० | १२२९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा HIV Positive आमा/बुवा बाट जन्मेका बालबालिकाको संख्या सुन्य रहेको छ । बालमैत्री स्थानीय शासनको बालमैत्री स्थानीय शासन बचाउ अन्तर्गगत HIV Positive आमा/बुवा बाट जन्मेका बालबालिकाले ARV Prophylaxis पाएको हुनुपर्ने व्यवस्था रहेको छ यस वडामा HIV Positive आमा/बुवा बाट जन्मेका बालबालिकाको संख्या शुन्य रहेकोले यो सूचक सतप्रतिशत पुरा भएको छ यो व्यवस्था मिलाउनु पर्दैन

### ४.१३ बिरामी हुदा उपचारका लागि छनौट हुने उपचार केन्द्र

| बिरामी हुदा प्राथमिकताको आधारमा उपचार केन्द्र | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | उपचार केन्द्र | प्रतिशत | संख्या | कैफियत |
| **१** | लामा/धामी/झाँक्री | ०.२४ | ३ | |
| **२** | परम्परागत वैद्य | ० | ० | |
| **३** | स्थानीय स्वास्थ्य संस्था/चौकी | ७.३२ | ९० | |
| **४** | अस्पताल(निजी/सरकारी) | ९१.४६ | ११२४ | |
| **५** | क्लिनिक(निजी) | ०.९० | ११ | |
| **६** | अन्य | ०.०८ | १ | |
| **जम्मा :** | | १०० | **१२२९** | |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

बिरामी हुदा यस वडाका ११२४ घरपरिवारका सदस्यहरय अस्पताल जाने गर्दछन भने । ३ परिवारका सदस्यहरु अझैपनि स्वास्थ्यमा समस्या आउदा पहिलो पटक लामा,धामी, झाक्रीकोमा जाने गरेका छन् ।

### ४.१३.१ घरदेखि उपचार केन्द्र सम्मको दुरी सम्बन्धी विवरण

| घर देखि उपचार केन्द्रको दुरी | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **उपचार केन्द्रसम्मको दुरी** | **उपचार केन्द्रसम्मको दुरी** | **संख्या** | **कैफियत** |
| १ | १५ मिनेट भन्दा कम | ४९.६३ | ६१० | |
| २ | १५ देखि ३० मिनेट सम्म | ४४.६७ | ५४९ | |
| ३ | १ घण्टासम्म | ४.२३ | ५२ | |
| ४ | १ घण्टा भन्दा बढी | १.४६ | १८ | |
| जम्मा : | | १०० | १२२९ | |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

हेटौडा उपमहानगरपालिका वडा नं. १ मा रहेका समुदय स्तरमा स्वास्थ्य संस्थाहरु रहेको छ । यस वडामा स्वास्थ्य संस्थाको सेवा लिनका लागि बढीमा एक घण्टा सम्मको दुरी पार गरे पश्चात प्राप्त गर्न सकिन्छ । समुदायको पहुँचमा स्वास्थ्य संस्था रहेको देखिन्छ ।

### ४.१४ आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धि विवरण

| आयोडिनयुक्त नुनको प्रयोग बर्ने परिवारको विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **प्रतिशत** | **संख्या** |
| १ | प्रयोग गर्ने घरधुरी | १०० | १२२९ |

| | | | |
|---|---|---|---|
| २ | प्रयोग नगर्ने घरधुरी | ० | ० |
| **जम्मा:** | | १०० | १२२९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा रहेका सवैघरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको पाइयो ।सबै घरपरिवारले आयोडियुक्त नुन प्रयोग गरेका हुनेछन् भन्ने सूचक सतप्रतिशत पुरा भएको छ ।

## ४.१५ सार्वजनिक तथा नीजि चर्पी सरसफाई सम्बन्धी विवरण

यस वडामा रहेका सवै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको पाइयो । बालमैत्री स्थानीय शासनको सबै घरपरिवारले आयोडियुक्त नुन प्रयोग गरेका हुनेछन् भन्ने सूचक सतप्रतिशत पुरा भएको छ ।

### ४.१५.१ परिवार/घरधुरीमा शौचालयको अवस्था

| घरपरिवार/घरधुरीमा शौचालयको अवस्था | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **शौचालयको प्रकार** | **प्रतिशत** | **घरपरिवार संख्या** | **कैफियत** |
| १ | कच्ची शौचालय | ४१.९० | ५१५ | |
| २ | पक्कि(वाटरसिल्ड) | ५६.९६ | ७०० | |
| ३ | वायो ग्याँस जडान भएको | ०.२४ | ३ | |
| ४ | ढलमा जडान भएको | ०.६५ | ८ | |
| ५ | शौचालय नभएको | ०.२४ | ३ | |
| **जम्मा:** | | १०० | १२२९ | |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

हेटौडा उपमहानगरपालिका वडा नं. १ मा १२२९ कुल परिवारमा शौचालय नभएको ३ अर्थात ०.२४% परिवार रहेको छ । कच्ची शौचायलय ५१५ अर्थात ४१.९०% परिवारमा रहेको छ। पक्कि ७०० अर्थात (वाटरसिल्ड) ५६.९६%, वायो ग्याँसमा जडान भएको शौचालय ०.२४% र ढलमा जडान भएको शौचालय ०.६५% रहेको छ ।

## ४.१६ परिवारमा हातधुने व्यवस्था

| परिवारमा हातधुने व्यवस्था र प्रयोग | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **परिवारमा हातधुने व्यवस्था र प्रयोग** | **प्रतिशत** | **घरपरिवार संख्या** | **कैफियत** |
| १ | ब्यबस्था छ, सधै धुन्छु | ९९.३५ | १२२१ | |
| २ | ब्यबस्था छ, कहिले-कहिँ धुन्छु | ०.५७ | ७ | |
| ३ | ब्यबस्था नै छैन, कहिलै धुन्न | ०.०८ | १ | |
| **जम्मा:** | | १०० | १२२९ | |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

हेटौडा उपमहानगरपालिका वडा नं. १ मा रहेका १२२९ घर परिवार मध्ये १२२१ अर्थात ९९.३५% परिवारमा हातधुने व्यवस्था रहेको छ । यी परिवारमा साबुन पानीले हात धुने बानी रहेको छ। खाना खानु अघि,खाना खाईसकेपछी, शौचालयको प्रयोग पछि र फोहर वस्तु छोएपछि साबिन पानीले राम्रोसंग हात धुने बानीव्यहोरा रहेको पाईन्छ । सोहि व्यवथा अनुसार हातधुने बानीको समेत विकास भएको छ भने ७ परिवार अर्थात ०.५७% परिवारमा हातधुने व्यवस्था भएतापनि नियमित हातधुने बानीको विकास भने नभएको पाईयो । यसैगरी १ घरपरिवार अर्थात ०.०८% परिवारमा भने हात धुने व्यवस्थानै छैन ।

### ४.१६.१ हातधुने बानि र व्यवहसरिक प्रयोग सम्बन्धी अवस्था

| हातधुने बानि र व्यवहारिक प्रयोग | | | | |
|---|---|---|---|---|
| **क्र. सं.** | **हातधुने बानि र व्यवहारिक प्रयोग** | **प्रतिशत** | **घरपरिवार संख्या** | **कैफितय** |
| १ | खाना खानु अघि | १.४९ | १९ | |
| २ | खाना खाइसके पछी | १.०२ | १३ | बहुउत्तर प्रश्न भएकोले जम्मा घरपरिवार भन्दा फरक देखिन्छ |
| ३ | खाना अघि र पछी | १.२६ | १६ | |
| ४ | शौचालय गरे-गराए पछि | ०.७९ | १० | |
| ५ | फोहर वस्तु छोए पछी | ०.६३ | ८ | |
| ६ | माथिक सबै | ९४.८१ | १२०६ | |
| **जम्मा :** | | **१००** | **१२७२** | |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

बालमैत्री स्थानीय शासन घोषणाक लागि खाना खानु अघि,खाना खाईसकेपछी, शौचालयको प्रयोग पछि र फोहर वस्तु छोएपछि साबुन पानीले राम्रोसंग हात धुने परिपाटीको विकास भएको हुने छ भन्ने सूचक १००% अर्थात सत प्रतिशत पुरा भएको हुने पर्ने छ जसमा यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा सवै परिवारमा यस्तो अभ्यास रहेको छ ।

### ४.१६.२ साबुनपनीको प्रयोग सम्बन्धी अवस्था

| हातधुने साधन(साबुन/खरानी...आदि) | | | | |
|---|---|---|---|---|
| क्र. सं. | **विवरण** | **प्रतिशत** | **घरपरिवार संख्या** | **कैफितय** |
| १ | साबुन पानी | ९९.३४ | १२२१ | |
| २ | खरानी पानी | ०.०८ | १ | |
| ३ | पानी मात्रा | ०.४८ | ६ | |
| ४ | माटो जन्य पदार्थ | ० | ० | |
| ५ | केहि नगर्ने | ०.०८ | १ | |
| जम्मा : | | **१००** | **१२२९** | |


स्रोतः घरधुरी सर्वेक्षण २०७९

बालमैत्री स्थानीय शासन घोषणाका लागि बालमैत्री स्थानीय शासन बचाउ अन्तर्गतका सूचकहरु मध्ये चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि, र खाना खानु, खुवाउनु अघि सावुन पानीले हात धुने परिपाटीको विकास भएका हुनेछ भन्ने उल्लेख भएअनुसार यस वडामा साबुन पानीले हातधुने बानीको विकास भएको छ । १२२९ घरधुरी मध्ये १२२२ घरपरिवारले साबुन पानिले हात धुने गरेता पनि बाँकि ८ परिवारले साबुन पानीको प्रयोग नगरेको पाईयो आगामि दिनमा यी ८ परिवारलाई समेत साबुन पानीको प्रयोगका बारेमा जानकरी गाराउनु पर्दछ जसले सूचकलाई सत प्रतिशत पुरा गराउन समेत सहयोग गर्दछ ।

### ४.१७ खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण

बालमैत्री स्थानीय शासन घोषणाका लागि सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ भन्ने सूचकमा उल्लेख भएको छ जुन शत प्रतिशत (१००%) पुरा गर्नु पर्ने हुन्छ । यस वडामा अझैपनि ईनार, कुवा, जरुवा, ट्युबवेल, नदि वा कुलाको पानी पिउन बाध्य छन जसले गर्दा वडामा खानेपानीको पुर्वाधार विकासमा थप लगानी गर्नुपर्ने देरखिन्छ ।


### ४.१७.१ खानेपानीको मुख्य श्रोत सम्बन्धी विवरण




*स्रोतः घरधुरी सर्वेक्षण २०७९*


कुल १२२९ परीवार रहेकोमा यस  हेटौडा उपमहानगरपालिका वडा नं. १ मा खानेपानीको स्रोतको रुपमा घरमै भएको पाईप-धारा र ईनार, कुवा, जरुवा, ट्युबवेल को प्रयोग भएको पाईन्छ । ७१.७% घरधुरीको मात्र घरमै खानेपानीको धारा रहेको छ भने अझैपनि यस वडामा २८.३०% घर परिवारले ईनार, कुवा, जरुवाको पानी पिउने गरेका छन । बालमैत्री स्थानीय शासन अन्तर्गत पनि सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ भन्ने सूचक शत प्रतिशत पुरा गर्नुपर्ने व्यवस्था भए अनुरुप यस यस वडामा खानेपानीमा थप लगानी गर्नुपर्ने देरखिन्छ ।

### ४.१७.२ घर देखि खानेपानीको स्रोत सम्मको समय दुरी सम्बन्धी विवरण



स्रोतः घरधुरी सर्वेक्षण २०७९

### ४.१७.३ खानेपानीको शुद्धीकरण बिधि सम्बन्धी विवरण




*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

हेटौडा उपमहानगरपालिका वडा नं. १ मा खानेपानीको स्रोतको रुपमा ईनार, कुवा, जरुवा, ट्युबवेलको प्रयोग हुने गरेको भएतापनि पानीलाई सुद्धीकरण गरेर पिउने गरेका छन । पानीलाई सुद्धीकरण गर्नका लागि २२.०३% ले सुरक्षित फिल्टरको जडान गरेका छन भने ४४.२९% ले पानीलाई उमालेर मात्र प्रयोग गर्ने गरेका छन । यसका साथै पानीलाई सुद्धीकरण नगरी पिउने ०.५५% रहेको छ ।

### ४.१८ खानेपानीको कारणले बिगत १ वर्षमा लागेका रोग तथा संक्रमणको अवस्था


| खानेपानीको कारण बिगत १ वर्षमा लागेको रोग र परिवार संख्या | | | | |
|---|---|---|---|---|
| क्र. सं. | रोगहरु | पानीजन्य रोग र प्रवाभित परिवार प्रतिशत | संक्रमित परिवार संख्या | कैफियत |
| १ | जिआइडीया | ०.२४ | ३ | |
| २ | जुगा | ०.७२ | ९ | |
| ३ | झाडा-वान्ता | ४.८८ | ६१ | |
| ४ | रातो रगतमासी | ०.०८ | १ | |
| ५ | सेतो रगतमासी | ०.०८ | १ | |
| ६ | टाईफोइट | १.७६ | २२ | |
| ७ | जन्डिस | ०.७२ | ९ | |
| ८ | हैजा | ०.०८ | १ | |
| ९ | संक्रमित नभएको | ९१.४५ | ११४४ | |
| **जम्मा:** | | १०० | १२५१ | |

*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

यस वडामा पानीका विभीन्न स्रोतहरु जस्तै ईनार, कुवा, जरुवा, ट्युबवेल को प्रयोग भएको भएको भएतानि विभिन्न माध्यामबाट पानीलाई शुद्धीकरण गरी पिउनाले खानेपानीका कारणले खासै ठुलो असर पारेको छैन यद्यपी झाडाबान्ता, टाईफोइट, गुका, जिहाईडीया, रातो तथा सेतो रगतमासी, जण्डीस र हैजाका संक्रमण ८.५५% परिवारमा मात्र फैलिएको थियो ।खानेपानिकै कारण हेटौडा उपमहानगरपालिका वडा नं. १ मा विगत एक वर्षमा ९१.४५% परिवारमा कुनैपनि संक्रमण भएको छैन ।

## खण्ड ५ वडाको शैक्षिक अवस्था

### ५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण




स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा जम्मा जनसंख्याको ९४.४% महिला साक्षरता रहेको छ भने ९४.७% पुरुष साक्षरता रहेको छ ।

### ५.२ शैक्षिक संस्थाहरुको विवरण

| हेटौंडा उपमहानगरपालिका वडा नं. १ रहेका शैक्षिक संस्थाहरुको विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | विद्यालयको नाम | ठगाना | संचालित कक्षा |
| **१** | कालिका आवि नकौली | हेटौडा १ | १ देखि ८ |
| **२** | सरस्वती प्रावि बसामाडि | हेटौडा १ | १ देखि ५ |
| **३** | बाराही आवि लालझाडी | हेटौडा १ | १ देखि ८ |
| **४** | भैरब आधारभुत विद्यालय | हेटौडा १ | १ देखि ५ |
| **५** | अमर माध्यमिक विद्यालय | हेटौडा १ | १ देखि १० |
| **६** | यातायात ई बो स्कुल | हेटौडा १ | १ देखि ५ |

स्रोतः हेटौडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा

### ५.३ छात्रछात्राको विवरण

| छात्र-छात्राहरुको विवरण (शैक्षिक सत्र २०८०) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | **विद्यालयको नाम** | **छात्रा** | **छात्र** | **जम्मा** |
| **१** | अमर माध्यमिक विद्यालय | ३४७ | ३०६ | ६५३ |
| **२** | कालिका आवि नकौली | ९३ | ९८ | १९१ |
| **३** | बाराही आवि लालझाडी | ६७ | ७७ | १४४ |
| **४** | भैरब आधारभुत विद्यालय | १६ | ३६ | ५२ |
| **५** | सरस्वती प्रावि बसामाडि | ३२ | २४ | ५६ |
| **६** | यातायात ई बो स्कुल | **११३** | **१२२** | २३५ |

| | जम्मा | ६६८ | ६६३ | १३३१ |
|---|---|---|---|---|

स्रोतः हेटौडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा

एक मात्र माध्यामिक विद्यालय रहेको हेटौडा उपमहानगरपालिका वडा नं. १ मा जम्मा ६ ओटा विद्यालयहरु रहेका छन । जसमा छात्र ६६८ र छात्रा ६६३ गरी १३३१ जना बालबालिका अध्ययनरत छन् ।

## ५.४ विद्यालयमा खानेपानीको सुविधा

| विद्यालयको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | **विद्यालयको नाम** | संचालित कक्षा | खानेपानीको सुविधा |
| **१** | अमर माध्यमिक विद्यालय | १ देखि १० | छ |
| **२** | कालिका आवि नकौली | १ देखि ८ | छ |
| **३** | बाराही आवि लालझाडी | १ देखि ८ | छ |
| **४** | भैरब आधारभुत विद्यालय | १ देखि ५ | छ |
| **५** | सरस्वती प्रावि बसामाडि | १ देखि ५ | छ |
| **६** | यातायात ई बो स्कुल | १ देखि ५ | छ |

स्रोतः हेटौडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा

यस वडाका सवै विद्यालयहरुमा खानेपानिको सुविधा रहेको छ। यस वडामा जम्मा ६ ओटा विद्यालयहरु रेहेका छन।

## ५.५ छात्रछात्राहरुको लागि शौचालयको व्यवस्था

| क्र. सं. | बिदद्यालयमा छात्रा-छात्रलाइ छुट्टै शौचालयको व्यवस्था | प्रतिसत | संख्या |
|---|---|---|---|
| १ | ब्यबस्था छ | १०० | ६ |
| २ | ब्यबस्था छैन | ० | ० |
| | जम्मा: | **१००** | **६** |

स्रोतः हेटौडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा

हेटौडा उपमहानगरपालिका वडा नं. १ मा रहेका सवै विद्यालयहरुमा छात्र-छात्राहरुको लागि पानी सहितको छुट्टा छुट्टै शौचालयको व्यवस्था रहेको छ ।बालमैत्री स्थानीय शासन घोषणा गर्नका लागि यो सूचक शतप्रतिशत पुरा गर्नु पर्ने व्यवस्था भएअनुरुप प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको छ भन्ने सूचक पुरा भएको छ ।


## ५.६ कक्षाकोठा, फर्निचर, खेल मैदान सम्बन्धि विवरण

| विद्यालयको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | **विद्यालयको नाम** | **कक्षाकोठा,फर्निचर** | **खेलमैदान** |
| **१** | अमर माध्यमिक विद्यालय | छ | छ |
| **२** | कालिका आवि नकौली | छ | छ |
| **३** | बाराही आवि लालझाडी | छ | छ |
| **४** | भैरब आधारभुत विद्यालय | छ | छ |
| **५** | सरस्वती प्रावि बसामाडि | छ | छ |
| **६** | यातायात ई बो स्कुल | छ | छ |

स्रोतः हेटौडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा

यस वडामा रहेका सवै विद्यालयहरुमा बालबालिकाका लागि प्रयाप्त कक्षा कोठा, फर्निचर, खेल मैदान रहेका छन ।

## ५.७ विद्यालय जान लाग्ने समय




स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा १ माध्यामिक र ५ आधारभूत गरि जम्मा ६ ओटा विद्यालय छन । यस भन्दा माथिको अध्ययनका लागि हेटौडाका विभिन्न स्थान वा हेटौडा उपमहानगरपालिका बाहिर जानु पर्ने हुन्छ । कक्षा ५ सम्म अध्ययनका लागि बढीमा १ घण्टाको पैदल यात्रा गर्नु पर्छ । कक्षा ८ सम्म अध्ययनका लागि बालबालिकाहरुले २ घण्टा सम्मको पैदल यात्रा गर्ने गरेका छन । कक्षा १० सम्म अध्ययनका लागि १ घण्टाको पैदल यात्रा गर्नुपर्ने छ भने १२ कक्षा सम्म अध्ययन गर्ने बालबालिकले १ घण्टा सम्म यात्रा गर्नु परेको छ ।

## ५.८ विद्यालय जान छोड्नेहरु सम्बन्धि विवरण

| बीचमै बिद्यालय छाडेका बालबालिका संख्या | | | |
|---|---|---|---|
| क्र.सं. | बीचमै बिद्यालय छाडेका बालबालिका संख्या | प्रतिसत | संख्या |
| १ | बालिका | ४३ | १० |
| २ | बालक | ५७ | १३ |
| जम्मा : | | १०० | २३ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

विभिन्न तहमा अध्ययनरत १० जना बालिकाहरुले बीचमै विद्यालय छोडेका छन । यसैगरी १३ जान बालकहरुले बीचमानै विद्यालय छाडे । तुलनात्मक रुपमा विद्यालय छोडनेमा बालिका भन्दा बालक बढी देखिन्छ । यसरी विद्यालय छोडने बालबलिकाका आफ्नै फरक-फरक कारणहरु छन ।

### ५.८.१ विद्यालय जान छोड्ने कारणहरु सम्बन्धि विवरण

| बीचमै बिद्यालय छाडनुको कारण | | | |
|---|---|---|---|
| क्र.सं. | बीचमै बिद्यालय छाडनुको कारण | प्रतिसत | संख्या |
| १ | बिद्यालय टाढा भएर | १३.०४ | ३ |
| २ | पारिवारिक समस्या(घर झैझगडा) | ४७.८२ | ११ |

| | | | |
|---|---|---|---|
| ३ | बिद्यालयको वातावरण(बालमैत्री नभएको) | २१.७३ | ५ |
| ४ | बालबिवाहको कारण | ० | ० |
| ५ | वालश्रमको कारण | ० | |
| ६ | अन्य | १७.३९ | ४ |
| **जम्मा** | | १०० | २३ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

बालमैत्री स्थानीय शासन घोषणका लागि हाम्रा घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय,सामाजिक चाडपर्व,भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण,बेवास्ता र दुव्र्यवहारमा कमी आएको हुनुपर्ने छ यस वडामा विद्यालय छाडने बालबलिकाका कारणहरुलाई हेर्दा २३ जना मा ११ बालबलिका परिवारिक समस्या अर्थात परिवारका सदस्यहरु विचको झगडा रहेको छ जसबाट बालबालिका माथि हिंसा हुन सक्ने सम्भावना समेतर रहेको छ ।बालमैत्री स्थानीय शासन घोषणका सूचक अनुसार हाम्रा घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय,सामाजिक चाडपर्व,भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण,बेवास्ता र दुव्र्यवहारमा कमी आएको हुनुपर्ने छ ।

### ५.९ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

| क्र.स. | विद्यालयको नाम | **पूर्व प्राथमिक तह** | | |
|---|---|---|---|---|
| | | **बालिका** | **बालक** | **जम्मा** |
| १ | सरस्वती प्राथमिक विद्यालय | १४ | ८ | २२ |
| २ | बाराही आधारभूत विद्यालय | २० | २३ | ४३ |
| ३ | कालिका आधारभूत विद्यालय | ३१ | २३ | ५५ |
| ४ | भैरव आधारभूत विद्यालय | ८ | २१ | २९ |
| ५ | अमर माध्यमिक विद्यालय | ७९ | ५३ | १३२ |
| ६ | यातायात ई बो स्कुल | ३३ | ४२ | ७५ |
| **जम्मा** | | १८६ | १७० | ३५६ |

स्रोतः हेटौडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा


### ५.९.१ बाल विकास केन्द्रमा रहेका बालबालिकाको विवरण

| क्र.सं. | ३ देखि ५ वर्ष उमेर समूहका बाबालिकाको संख्या (स्रोतः वस्तुगत बिवरण संकल कार्यक्रम २०७९ अनुसार) | | इसीडी-बालबिकास केन्द्रमा जाने बालबालिका | |
|---|---|---|---|---|
| | | | प्रतिसत | संख्या |
| १ | बालिका संख्या | १३८ | ४७.०१ | ११८ |
| २ | बालक संख्या | १६१ | ५२.९९ | १३३ |
| ३ | लैङिक अल्पसंख्यक | ० | **०** | **०** |
| | जम्मा | २९९ | **१००** | **२५१** |

स्रोतः हेटौडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा

यस वडामा बाल विकास केन्द्रमा जाने उमेर समूहका १३८ जना बालिका र १६१ जना बालक गरी २९९ जना बालबालिकाहरु रहेका छन् जसमा ११८ जना बालबालिका र १३३ जना बालक गरी जम्मा २५१ जना बालबालिका मात्र बाल विकास केन्द्रमा जाने गरेक पाईयो ।

### ५.१० विद्यालयमा बालबालिकाले पाउने सजाय सम्बन्धी विवरण




स्रोतः घरधुरी सर्वेक्षण २०७९

# खण्ड ६ वडामा बाल संरक्षण

## ६.१ द्वन्द पिडित तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा बालबालिकाहरु कुनैपनि प्रकारको द्वन्द तथा जोखिममा परेका छैनन् ।

## ६.२ विस्तापित बालबालिका सम्बन्धी विवरण

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा बालबालिकाहरु विस्तापित भएका छैनन् ।

## ६.३ बालश्रमिक सम्बन्धी विवरण

| परिवारको कुनै बालबालिका बालश्रमिकको रुपमा रहेको वा नरहेको | | | | |
|---|---|---|---|---|
| क्र.सं. | बालश्रमिक संलग्न रहे/ नरहेको परिवार | प्रतिशत | संख्या | जम्मा |
| १ | रहेको | ० | ० | |
| २ | नरहेको | १०० | १२२९ | |
| जम्मा | | १०० | १२२९ | |


*स्रोतः घरधुरी सर्वेक्षण २०७९*

१२२९ घरपरिवार रहेको यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा कुनैपनि परिवारका बालबालिकाहरु कुनैपनि श्रममा संलग्नता छैन जसले गर्दा बालसंरक्षण अग्तर्गतको बालमैत्री स्थानीय शासन घोषणाको लागि शत प्रतिशत पुरा गर्नु पर्ने सूचक निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ भन्ने सूचक पुरा भएको देखिन्छ । आफ्नो परिवारका बालबालिकाहरु अन्यत्र श्रममा प्रयोग नभएका मात्र नभई यस वडामा रहेका सवै घरपरिवारले अन्य कुनैपानि बालबालिकालाई आफनो घरमा बालश्रमकको रुपमा समेत प्रयोग गरेका छैनन ।

## ६.४ परिवारमा बालबालिकामाथि यौन शोषणको घटना

यस वडामा कुनैपनि बालबालिकालाई यौन शोषण तथा बेचविखन जस्ता बालबालिकामाथीको जघन्य अपराध भएको छैन । बालयौन शोषण, दुर्व्यवहार तथा अन्य घटनाहरु घटेको छैन भने कुनै पनि बालबालिका बेचविखनमा परेका छैनन् ।

## ६.५ सडक बालबालिकाको विवरण




स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडाका बालबालिकाहरु कुनैपनि सडक बालबालिकाको रुपमा रहेका छैनन । बालमैत्री स्थानीय शासन घोषणको लागि स्थानीयतहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ सडक बालबालिका भएकोमा बालगृहमा राखी ब्यवस्थापन भएको हुनुपर्ने (सतप्रतिशत पुरा गर्नुपर्ने) भन्ने उल्लेख भएकोमा यो सूचक पुरा भएको पाईन्छ ।

### ६.६ कुलतमा लागेका बालबालिकाको विवरण

| क्र.सं. | संख्या | | लागु औषध प्रयोग | प्रतिसतम | संख्या |
|---|---|---|---|---|---|
| १ | बालिका | ९६९ | लागु औषध प्रयोग व्यक्ति भएको परिवार | ० | ० |
| २ | बालक | १०४५ | लागु औषध प्रयोग व्यक्ति नभएको परिवार | १०० | १२२९ |
| जम्मा | | २०१४ | | १०० | १२२९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

१२२९ घरपरिवार रहेको यस वडामा ६७९० जनसंख्या रहेको छ । यस वडामा कुलतमा लागेको बालबालिकाक संख्या सुन्य रहेको छ । कुनैपानि बालबालिकाहरु कुलतमा लागेका छैनन् । कुलतमा लागेका बालबालिकालाई बालसुधार गृहमा राखने व्यवस्था सतप्रतिशत गराउनु पर्ने बालमैत्री स्थानीय शासन घोषनाको सूचकमा उल्लेख छ जुन सूचक सहजै पुरा भएको पाईन्छ ।

### ६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

| ५ वर्ष भन्दामुनिको बालबालिकाको मृत्यु भएको छ छैन | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | प्रतिशत | संख्या |
| १ | मृत्यु भएको छ | ० | ० |
| २ | मृत्यु भएको छैन | १०० | १२२९ |
| जम्मा: | | १०० | १२२९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

५ बर्ष भन्दा कम उमेरका कुनैपानि बालबलिकाको मृत्यु भएको छैन ।

### ६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

यस वडामा खाद्यान्न संकटमा परेका बालबालिकाहरु रहेका छैनन् ।

### ६.९ जाडो तथा गर्मिका कारण मृत्य हुने गर्भवति महिला तथा बालबालकाको विवरण

जाडो तथा गर्मिका कारणले नै कुनै पनि गर्भवति महिला तथा बालबालिकाको मृत्यु भएको छैन ।

### ६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण


| क्र.सं. | बसेको संस्था | प्रतिशत | संख्या |
|---|---|---|---|
| १ | बालगृह | ० | ० |
| २ | होस्टेल | ० | ० |
| ३ | बोर्डिङ स्कुल | ० | ० |
| जम्मा : | | ० | ० |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडाका बालबालिकाहरू कुनैपानि संस्थागत हेरचाह जस्तै बालगृह, होस्टल हरुमा बालबालिकाहरुको बासोबास गरेका छैनन ।

## खण्ड ७ वडाको आर्थिक विकास

### ७.१ पेशा तथा रोजगारीको अवस्था सम्बन्धी विवरण




स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडाको मानिसहरुको मूख्य पेशा ज्याला मजदुरी रहेको छ । कुल १२२९ घरपरिवार रहेको हेटौडा उपमहानगरपालिका वडा नं. १ मा ३५% घरपरिवारका सदस्यहरु ज्याला मजदुरी पेशामा संलग्न रहेका छन यसैगरी २८% परिवारका सदस्यहरु ब्यापार- व्यवसायमा संलग्न छन । २१% परिवारका सदस्यहरु निकरी पेशामा छन । कृषि-पशुपालन-फलफुलखेतिमा ७% रहेका छन भने ६% परिवाले बैदेसिक रोजगारीलाई पेशा बनाएका छन ।

### ७.२ युवा रोजगारी सम्बन्धी विवरण

| पेशाको आधारमा युवाहरुको संलग्नता | | | | |
|---|---|---|---|---|
| क्र.सं. | जागिर | ज्याला-मजदुरी | ब्यापार-व्यवसाय | कृषि |
| १ | २०२ | ९ | ११ | ० |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा विभिन्न पेशा, व्यवसार तथा रोजगारामा संलग्न रहेका छन । युवाहरु विभिन्न पेशा वा रोजगारीमा रहेको देखिन्छ । जागिर पेशामा कुल २०१ जना युवाहरुको संलग्नता रहेको छ । रोजगारीमा संलग्नता युवाहरुमा २५ देखि ४० वर्ष उमेर समूहका युवाहरु संख्या बढी छ । यस वडामा कृषि पेशामा युवाहरुको सक्रियता भने देखिदैन ।

### ७.३ रोजगारीकालागि विदेशमा गएकाहरुको विवरण

| क्र.सं. | परिवारको सदस्यहरु वैदेशिक रोजगारीमा | प्रतिसत | संख्या |
|---|---|---|---|
| १ | गएका छन् | १९.५ | २४० |
| २ | गएको छैन | ८०.५ | ९८९ |
| **जम्मा :** | | **१००** | **१२२९** |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा रहेका १२२९ घरपरिवार मध्ये २४० घरपरिवार बाट बेदेशिक रोजगारका लागि गएको देखिन्छ । वैदेशिक रोजगारीमा संलग्न परिवार संख्या कुल परिवार संख्याको १९.५०% अर्थात २४० घरपरिवार रहेको छ ।२४० घर परिवारबाट ८९ महिला र ३३५ पुरुष गरी ३१४ जना बिदेशमा गएका छन । २८.३०% महिला र ७१.७% पुरुषहरु बैदेशिक रोजगारीका लागि विदेश गएका हुन ।

### ७.३.१ लिङ्गका आधारमा बैदेशीक रोजगारीमा संलग्न सम्बन्धी विवरण

| लिङ्गको आधारमा देशिक रोजगारीमा संलग्नहरुको विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **लिङ्गको आधारमा देशिक रोजगारीमा** | **प्रतिसत** | **संख्या** |
| **१** | महिला | २८.३ | ८९ |
| **२** | पुरुष | ७१.७ | २२५ |
| **जम्मा :** | | **१००** | **३१४** |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडाबाट बैदेशिक रोजगारीका लागि गएका ३१४ जना मध्ये ८९ जना अर्थात २८.३% महिलाको संख्या रहेको छ ।

### ७.४ परिवारको निर्णमा भूमिका (महिला पुरुष)

| क्र.सं. | विवरण | महिला संख्या | पुरुष संख्या | दुवै संख्या | कैफियत |
|---|---|---|---|---|---|
| **१** | घर व्यवहारको निर्णय | ९ | १२ | १२०८ | बहुउत्तर आउने भएकोले जम्मा घरपरिवार संख्या संग मेल खादैन |
| **२** | घरयासी काममा संलग्नता | ३५ | १२ | ११८२ | |
| **३** | बैंक खाता संचालन | ५४ | ५६ | ३५७७ | |
| **४** | समितिमा सहभागिता | १७ | ५९ | ११५३ | |
| **५** | बिद्यालयको समितिमा सहभागिता | १८ | ६४० | ५७१ | |
| **६** | उद्योग ब्यापारमा सहभागिता | १३ | ६४६ | ५७० | |
| जम्मा : | | **१४६** | **१४२५** | **८२६१** | |

स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस हेटौडा उपमहानगरपालिका वडा नं. १ मा १२२९ घरपरिवार रहेको छ । कुल परिवरमा परिवारका विभिन्न काममा जस्तो घर व्यवहारको निर्णय, घरयासी काममा संलग्नता, बैंक खाता संचालन, समितिमा सहभागिता, बिद्यालयको समितिमा सहभागिता, उद्योग ब्यापारमा सहभागिता जनाउनका लागि १४६ जना महिलाहरुले के गर्ने वा के नगर्ने भन्ने विषयमा निर्णयको नेतृत्व गराका छन्। भने यीनै विषयमा निर्णय गर्नका लागि १४२५ जना पुरुले नेतृत्व रहेको छ । विभिन्न कामको निर्णय लिनेमा महिलाको संख्या १२७९ ले कमि छ । हेटौडा उपमहानगरपालिका १ नं. वडामा महिला सहभागिताकमजोर रहेको छ ।

# खण्ड ८ वडाको प्रकोप तथा शान्ति सुरक्षा

## ८.१ प्रकोपको विवरण

| प्राकृतिक प्रकोप र परिवार संख्याको विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | **विवरण** | **प्रतिसत** | **संख्या** |
| **१** | प्रभावित भएको | १०.४ | १२८ |
| **२** | प्रभावित नभएको | ८९.६ | ११०१ |
| | जम्मा : | **१००** | **१२२९** |


स्रोतः घरधुरी सर्वेक्षण २०७९

हेटौडा उपमहानगरपालिका वडा नं. १ मा रहेको जम्मा १२२९ घरपरिवार मध्ये १२८ अर्थात १०.४% विभिन्न प्रकारका प्रकृतिक प्रकोपहरयबाट प्रभावित भएका छन । कृतिक प्रकोपले जीवन र सम्पति जुनसुकै समयमा पनी प्रभावित पार्न सक्दछ र मानिसहरूको स्वास्थ्यमा समेत नराम्रो प्रभाव गर्दछ। यसकै लागि सुरक्षात्मक कदमहरू पालन गर्न महत्त्वपूर्ण छ, जस्तैकि आपतकालीन योजना तयारी गर्नुपर्दछ ।

## ८.२ बाल अपराधको विवरण

यस वडामा रहेका बालबालिकाको संलग्नतामा मा कुनैपनि अपराधका घटनाहरु भएका छैनन् ।


## ८.३ परिवारमा सामजिक कुरितिका घटना




स्रोतः घरधुरी सर्वेक्षण २०७९

यस वडामा रहेको ०.०८% घरपरिवारकामा सामजिक कुरितिका विभिन्न घटनाहरु भएको छ । बालबलिकाले बालमैत्री स्थानीय शासन घोषणाका विभिन्न सूचकहरु मध्ये घरपरिवार ,समुदाय,सार्वजनिक स्थान(विद्यालय,सामाजिक चाडपर्व,भेला)मा बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण,बेवास्ता र दुव्र्यवहारमा कमि आएको हने भन्ने सूचक रहेको छ ।

### ८.४ परिवारमा छोरा र छोरिमा भेदभाव




स्रोतः घरधुरी सर्वेक्षण २०७९